# पारिवारिक खेती

## संक्षिप्त झलक


**नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड**

धोबिघाट-३, ललितपुर, नेपाल

फोन नं.: ०१-५१५३१७०, ०१-५१५३६६०, ०१-५१५३६६५

ईमेलः skbks.nepal@gmail.com, www.naccfl.org.np

| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड<br>धोबीघाट-३, ललितपुर<br>संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक सचिवालय |
| फोन नं. | : | ०१५१५३१७०, ०१५१५३६६०, ०१५१५३६६५ |
| इमेल | : | skbks.nepal@gmail.com, naccfl.undff@gmail.com |

| | | |
|---|---|---|
| प्रकाशन सहकार्य | : | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| प्रकाशन मिति | : | |
| प्रकाशन प्रति | : | |
| सम्पादन | : | राष्ट्रिय कार्यान्वयन समिति,<br>संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक, नेपाल |
| कभर फोटो | : | कभरमा भएको फोटो पारिवारीक खेती कार्यक्रम अन्तर्गत धान दिवसको अवसरमा भविष्य निर्माण साना किसान कृषि सहकारी संस्था लि., दक्षिणकालीमा सन् २०१६ मा लिइएको हो । यस फोटोमा UNDFF सचिवालयको सर्वाधिकार छ । |



*चित्र १: धान बाली भित्र्याउँदै गरेको परिवार  (मनहरी, मकवानपुर), २०१५*

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं.

फ्याक्स

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या

च.नं.

## शुभकामना

नेपालको कुल ग्राहस्थ उत्पादनको करिब २४.९० प्रतिशत योगदान पुऱ्याइ रहेको क्षेत्र हो, कृषि। नेपालको कुल जनसंख्याको ६०.४ प्रतिशत प्रत्यक्ष अप्रत्यक्ष रुपमा कृषि क्षेत्रमा संलग्न रहेका छन्। नेपालमा खेती योग्य जमिन औसतमा ०.६८ हे. प्रति कृषक भन्दा कम रहेको र पारिवारिक श्रम, पर्म तथा ज्याला श्रम प्रयोग गरी खेती गर्ने गरिन्छ। अधिकांश किसानहरुले आफ्नो परिवारको मात्र श्रमको प्रयोग गरी आफ्नै जमिनमा आफ्नो परिवारलाई मात्र आवश्यक विविध खाद्यवस्तुको उत्पादन गर्ने परिपाटी रही आएको छ। बीउ बिजनको प्रयोग, पानी लगाउने समय, पाली चक्र, पाली अनुसारको जमिनको व्यवस्थापन र महिला-पुरुषको स्वभाव अनुसार श्रम उपभोग जस्ता विशेषताहरु नेपालको खेती प्रणालीको रहेको छ। विगत केही वर्षयता जग्गाको खण्डिकरण, शहरीकरण र युवा जनशक्ति विदेश पलायनको कारणबाट खेती प्रणालीका भूगोल र पर्यावरण सुहाउँदो ज्ञान र सिप हस्तान्तरण हुन सकेको छैन भने व्यवसायिक तथा आधुनिक खेती प्रणालीमा पनि उल्लेखनिय फड्को मार्न सकेको छैन।

तसर्थ, पुस्तौं देखि उपयोगी सिद्ध हुँदै आएका प्रविधिहरुलाई श्रम मैत्री, व्यवस्थित भू-उपयोग, माटोको संरक्षण र जलको व्यवस्थापन जस्ता परम्परागत प्रणालीमा समयानुकुल सुधार गर्दै अगाडी बढ्नु आजको आवश्यकता रहेको छ। यस क्रममा आधुनिक एवं व्यवसायिक खेती प्रणालीलाई परिष्कृत पारिवारिक खेती प्रणालीसँगै जोड्दै लगेमा कृषि विकास र यस सँगै जोडिएका आत्मनिर्भरको अभियानले सार्थकता पाउने देखिन्छ।

यो पुस्तिकाले पारिवारिक खेतीको अवधारणाबारे जानकारीका साथै "पारिवारिक खेती दशक (सन् २०१९-२०२८)" को अभियानका विविध पक्षहरुसँगै विस्तृत राष्ट्रिय कार्ययोजनाका खाकाहरु समेटेको छ। यस अभियानमा संलग्नताका लागि सम्बद्ध सम्पूर्ण सरोकारवालाहरुको हातेमालोको विश्वास लिएको छु। कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि शुभ-कामना व्यक्त गर्दछु।

065/9/29

डा. गोविन्द प्रसाद शर्मा
सचिव

# हाम्रो भनाई

कृषि, नेपालमा बसोवास गर्ने मानिसहरूको जीविकोपार्जनको मुख्य आधार हो । हाम्रा हरेक क्रियाकलाप, खानपान, चाडपर्व र पूजापाठमा समेत कृषि जोडिएको छ। मुलुकको ६०.४% जनसंख्या, कृषि तथा पशुपालन क्षेत्रमा संलग्न रहेका छन् । युवाहरू शहरी क्षेत्रतिर बसाईसराई गर्ने तथा विदेशिने प्रवृत्ति, जलवायु परिवर्तन तथा कृषकहरूलाई उपलब्ध हुनुपर्ने न्यूनतम सुविधाहरू कृषकको उपलब्धतामा न्यून हुनाको कारणले खाद्यान्न उत्पादनमा कमी आई दिनप्रतिदिन आयात बढ्दै गएको छ। कृषिमा संलग्न किसानहरूले कृषिलाई व्यवसायको रूपमा अङ्गीकरण नगर्नु र भएका जग्गाजमिनहरू खण्डीकरण, घडेरीकरण हुँदै जानुजस्ता कृयाकलापहरू कृषि क्षेत्रको चुनौतिका रूपमा रहेका छन्। यस्ता समस्याहरूको दिगो समाधान खोज्ने प्रयत्नमा कृषि क्षेत्रको विकासमा संलग्न सरोकारवाला निकायहरूले आ-आफ्नो क्षमता अनुसार कार्य गरिरहेका छन् । कृषिलाई निरन्तरता दिने सामर्थ्य कृषक परिवारमा छ । नेपालमा मात्र नभई विश्वमा नै कृर्षक परिवारहरू कृषि विकासका मुख्य वाहक हुन् । नेपालको खेती मुख्यतः पारिवारिक रूपमा सञ्चालन हुने गरेको छ। कृषि विकास र खाद्यान्नमा आत्मनिर्भर हुँदै सबै किसानको जीवनस्तर सुधार्न संयुक्त राष्ट्र संघबाट सन २०१९ मा घोषणा भएको पारिवारिक खेती दशक कार्यक्रम एक महत्वपूर्ण अभियानको रूपमा रहेको छ। यसमा नेपाल सरकार र कृषिसँग सम्बन्धित सबै निकायहरूको संलग्नता रहेको छ।

पारिवारिक खेती कार्यक्रम सन् २०१४ मा नेपाल सरकार तथा नेपाल सरकारले तोकेको सचिवालय नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को नेतृत्वमा नेपालमा कृषिसँग सम्बन्धित संघ संस्थाको संलग्नतामा भव्य रूपमा सफल भएलगत्तै कार्यन्वयन समिति र निर्देशक समितिको वैठकबाट निर्णय गरी पारिवारिक खेती दशक मनाउन नेपाल सरकारलाई अनुरोध गरिएको थियो । नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय हुँदै पारिवारिक खेती कार्यक्रमको संयोजन गर्ने जिम्मेवारी लिएको निकाय संयुक्त राष्ट्र संघ र विश्व ग्रामीण मञ्च (World Rural Forum-WRF) लाई पारिवारिक खेती अभियान निरन्तर दश बर्ष सम्म सञ्चालन गर्न अनुरोध गरियो। पारिवारिक खेती वर्ष २०१४ को कार्यक्रमबाट कृषिमा सकारात्मक प्रभावहरू परेको हुँदा नेपाल लगायत ६० भन्दा बढी मुलुकको अनुरोधमा संयुक्त राष्ट्र संघबाट पुनः सन् २०१९ देखि २०२८ सम्म सञ्चालन गर्नका लागि परिवारिक खेती दशक घोषणा भएको छ। संयुक्त राष्ट्रसंघबाट घोषणा भएको यस कार्यक्रमलाई अझ सशक्त र परिणाममूखी रूपमा अगाडी बढाउन हामी सबै सरोकारवाला निकायको साझा जिम्मेवारी रहेको छ।

पारिवारिक खेतीको अपरिहार्यताका बाबजुद पनि कृषि संग सम्बन्धित नागरिक समाज र सरोकारवाला निकायहरू यसको वास्तविक धरातलमा पुग्न अझ बाँकी रहेको छ।

अन्तराष्ट्रिय पारिवारिक खेती वर्ष २०१४ को सिकाइबाट अहिले संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक अभियानको यात्रामा आइपुग्दासम्म भोगेका अनेकौँ संघर्ष र योगदानहरूका वास्तविक कथाहरू सबैलाई अझै थाहा नभएको पनि हुन सक्दछ। नेपालमा पारिवारिक खेतीमा भइरहेका राष्ट्रिय कार्ययोजना अनुसारका भावी योजनाहरू, कार्यक्रमहरू, यसको उपलब्धि र अन्य पक्षहरूको विषयमा सम्बन्धित सरोकारवालाहरूलाई सूचना प्रवाह गर्ने हेतुले नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी सचिवालयको तर्फबाट पारिवारिक खेती संक्षिप्त झलक पुस्तिका प्रकाशनमा ल्याइएको छ।

यस पुस्तिकाको प्रकाशनले पारिवारिक खेतीको अवधरणालाई प्रष्ट पार्नुका साथै यस अभियानमा संलग्न सम्पूर्ण सरोकारवालाहरूको ध्यानाकर्षण हुनेछ भन्ने विश्वास लिएका छौं। पुस्तिकाको अध्ययन पश्चात् पारिवारिक खेती अभियानमा सम्बन्धित सबै निकायहरूबाट ग्रामिण तथा शहरी क्षेत्रमा कृषि र पशुपालनको लागि सार्थक योजना बनी कार्यान्वयनमा आउने अपेक्षा गरेका छौं।

यस हाते पुस्तिकालाई प्रकाशनमा ल्याउने नेपाल कृषि सहकारी केन्द्रीय संघ लि., पारिवारिक खेती दशकको सचिवालय, निर्देशक समितिका पदाधिकारीज्यूहरू, कार्यान्वयन समितिका सदस्यहरू, खाद्य एवं कृषि सङ्गठन (FAO), विज्ञहरू, पुस्तिका परिमार्जन गर्न सहयोग गर्नुहुने पदाधिकारीहरू, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र तथा संलग्न सरोकारवाला निकायहरू सबैलाई धन्यवाद दिन चाहान्छौं।

विशेषतःयस पुस्तिकालाई अन्तिम रुप दिन अमूल्य सम्पादकीय योगदान दिनुहुने UNDFF Focal Person एवम् सह-सचिव **श्री शवनम शिवाकोटी**, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वरिष्ठ कृषि अर्थ विज्ञ **श्री शंकर सापकोटा**, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई विषेश धन्यवादका साथै आभार व्यक्त गर्न चाहान्छौं।

................................

**खेम बहादुर पाठक**
सदस्य सचिव
राष्ट्रिय निर्देशक समिति
संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक, नेपाल
एवं
अध्यक्ष
नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.,
धोबिघाट, ललितपुर

# बिषय सूची


**पारिवारिक खेती** १

परिचय १

परिभाषा २

महत्त्व ४

पारिवारिक खेतीः राष्ट्रिय परिवेश ५

**पारिवारिक खेती अभियानको पृष्ठभूमि** ८

परिकल्पना ११

उद्देश्य ११

**स्तम्भहरू** १३

दिगो विकास लक्ष्य र संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक १४

**कार्यक्रम कार्यान्वयन ढाँचा** १६

राष्ट्रिय निर्देशक समिति १७

राष्ट्रिय कार्यान्वयन समिति १८

राष्ट्रिय सल्लाहकार समिति २०

**विश्व कार्ययोजना** २१

**राष्ट्रिय कार्ययोजना** २१

**गतिविधि र उपलब्धिहरूको समयरेखा** २३

**समस्या/चुनौतीहरू** २६

**कार्यदिशा** २६

**अनुसूचीहरू** ३२

**विभिन्न कार्यक्रमका फोटोहरू** ४३

**सन्दर्भहरू** ४४

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| CEAPRED | Center for Environmental and Agricultural Policy Research, Extension and Development |
| CPLP | Comunidade dos Países de Língua Portuguesa |
| CSRC | Community Self Reliance Center |
| FAO | Food and Agriculture Organization |
| FNCCI | Federation of Nepalese Chambers of Commerce & Industry |
| ICA-AP | International Cooperative Alliance Asia-Pacific |
| ICC | International Chamber of Commerce |
| ICT | Information and Communication Technologies |
| IFAD | International Fund for Agricultural Development |
| IYFF | International Year of Family Farming |
| IYFF+10 | International Year of Family Farming plus ten |
| MoALD | Ministry of Agriculture and Livestock Development |
| MoLCPA | Ministry of Land Management, Cooperatives and Poverty Alleviation |
| MODE | Mobilization and Development |
| NACCFL | Nepal Agriculture Cooperative Central Federation Ltd |
| NCFF | National Committees for Family Farming |
| REAF | Specialized Meeting on Family Farming of MERCOSUR |
| SAC | SAARC Agriculture Centre |
| SDG | Sustainable Development Goal |
| UN | United Nations |
| UNDFF | United Nations Decade of Family Farming |
| UNDP | United Nations Development Programme |
| UNICEF | United Nations International Children's Emergency Fund |
| WFO | World Farmers' Organization |
| WRF | World Rural Forum |

# पारिवारिक खेती

## परिचय

कृषि नै स्वस्थ जीवनको मूल आधार हो । नेपालमा पारिवारिक खेती परापूर्व काल देखि नै हुँदै आएको छ । पारिवारिक खेतीको शुरूवात मानव सभ्यताको इतिहाससँगै जोडिएको छ। मानव सभ्यताले १०,००० वर्ष भन्दा धेरै समय पार गर्दै गर्दा पारिवारिक खेती पनि आधुनिकीकरण र सामाजिक रूपान्तरणको यात्रामा सँगै अघि बढिरहेको छ। एक पुस्ताबाट अर्को पुस्तामा ज्ञान र स्रोतसाधन सजिलै हस्तान्तरण हुने 'पारिवारिक खेती' प्रणालीले हामीले दैनिक प्रयोग गर्ने खाद्य सामाग्री माग पूर्ती गर्न निर्णायक योगदान गरिरहेको छ।



*चित्र २ : बज्रवाराही, मकवानपुरमा पारिवारिक खेती गर्दै आएको परिवार, सन् २०२१*

पारिवारिक खेती प्रणाली दिगो खाद्य उत्पादनको मूल आधार हो । यसले विश्वलाई ८० प्रतिशतभन्दा बढी खाद्यान्न उपलब्ध गराउँदै आएको अभिलेख छ (स्रोतः खाद्य एवं कृषि सङ्गठन, सन् २०१४) । पारिवारिक खेतीको योगदान र महत्त्वलाई आत्मसात गर्दै संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक (सन् २०१९-२८) घोषणा गरी पारिवारिक खेती प्रणालीलाई सुदृढ एवं उत्पादनमूखी बनाउने अभियान शुरू भएको सर्वविदितै छ।

जीविकोपार्जनका लागि खेती गर्दै आएका कैयौं किसान परिवारहरू अझै पनि निर्वाहमूखी र परम्परागत प्रणाली पछ्याउन बाध्य छन् । विशेषतः ग्रामीण क्षेत्रका

किसानहरूका लागि खेती नै घर परिवार धान्ने मूल आधार हो । पारिवारिक खेती परिवारबाट सञ्चालित र व्यवस्थित पेशा हो । यसका कृषि गतिविधिहरू परिवारका सदस्यहरू बीचको समन्वय र सहकार्यबाट सञ्चालन गरिन्छ। आफ्नो परिवारका लागि आफ्नै श्रम, सीप, लगानी र स्रोतहरू प्रयोग गरेर आफ्ना आवश्यकता तथा मागहरू पूरा गर्ने हुँदा पारिवारिक खेती वास्तवमै आत्मनिर्भर प्रणाली हो । आजका किसान परिवारहरूको आवश्यकता भनेको पारिवारिक खेतीमा आधुनिकीकरण र उचित व्यवस्थापन हुनु हो। नेपालको सन्दर्भमा पारिवारिक खेती सुदृढ हुनु भनेको करिब ४२ लाख परिवारको जीविकोपार्जनमा सुधार हुनु हो (स्रोतः जनगणना, वि.स. २०७८) ।

पारिवारिक खेतीमा संलग्न किसानको संख्या विश्वभर नै उत्साहजनक छ । यसै कारणले नेपाल लगायत विश्वका हरेक देशहरूको परिपेक्षमा यो एउटा महत्त्वपूर्ण संरचनाको रुपमा रहि आएको छ।

**परिभाषा**

पारिवारिक खेती भनेको वास्तवमा आफ्नो परिवारको श्रमको सदुपयोग गर्दै आफ्नै जमिनमा आफ्नो परिवारको लागि आवश्यक खाद्य वस्तुको उत्पादन गर्ने एक व्यवस्थित तथा आत्मनिर्भर खेती प्रणली हो।

श्रम, परिवारिक व्यवस्थापन, जमिनको आकार, पुस्तैनी हस्तान्तिकरणको पक्ष, मुख्य लगानीकर्ता परिवार हुनुको विशेषता, आम्दानीको स्रोत, पर्यावरणीय दिगोपन, दक्षता, क्षमता, भू-स्वामित्व पारिवारिक हुनु, आदि मध्ये पारिवारिक खेती परिभाषित गर्न पारिवारिक श्रम तथा व्यवस्थापन, खेतबारीको आकार र आम्दानीको स्रोतलाई प्रमुख आधार मानिएका छन्[१] ।

पारिवारिक खेतीका मुख्यतः चार आयामहरू छन् :

- आर्थिक,
- सामाजिक,
- सांस्कृतिक,
- वातावरणीय

उपरोक्त चार पक्षहरू भित्र दिगो विकासका तीन अङ्गहरू (वातावरणीय दिगोपना, आर्थिक दिगोपना र सामाजिक दिगोपना) प्रतिबिम्बित हुन्छन्[२] । पारिवारिक खेती

१ Elizabeth Garner and Ana Paula de la O Campos. 2014. Identifying the "family farm": an informal discussion of the concepts and definitions. ESA Working Paper No. 14-10. Rome, FAO.

२ FAO and IFAD. 2019. United Nations Decade of Family Farming 2019-2028. Global Action Plan. Rome. Licence: CC BY-NC-SA 3.0 IGO

आर्थिक, वातावरणीय तथा सामाजिक ढङ्गले सन्तुलित रहेको हुँदा यसको विकासले सामुदायिक विकासमा सकारात्मक प्रभाव पार्दछ। वातावरणीय र आर्थिक परिवर्तनसँग सजिलै अनुकूलन हुनसक्ने भएकोले यसले परिवर्तनका नकारात्मक असरहरूलाई न्यूनीकरण गर्ने सामर्थ्य राख्दछ। तसर्थ पारिवारिक खेती आफैँमा एक पूर्ण रणनीतिक क्षेत्र हो।

संयुक्त राष्ट्र संघको खाद्य एवं कृषि सङ्गठन (Food and Agriculture Organization of United Nations) का अनुसार, **पारिवारिक खेती कृषि, वन, मत्स्य, पशुपालन, जलचर सम्बन्धी उत्पादनहरू व्यवस्थित गर्ने त्यस्तो माध्यम हो जुन परिवारका महिला पुरुषको श्रममा आधारित भई परिवारद्वारा व्यवस्थित रूपमा सञ्चालित हुन्छ। परिवार र खेती यसरि संबन्धित, अन्तर्घुलित र सहबद्ध रहेका हुन्छन् जसबाट आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा प्रजनन कार्यहरूलाई समेत अभिन्न रूपमा जोडदै लगेका हुन्छन्।'**

*(Family Farming is a means of organizing agricultural, forestry, fisheries, pastoral and aquaculture production which is managed and operated by a family and predominantly reliant on family labour, both women's and men's. The family and the farm are linked, coevolve and combine economic, environmental, reproductive, social and cultural functions (FAO, 2014).*



*चित्र ३: पारिवारिक खेती कार्यक्रम अन्तर्गत अनुदानमा नर्सरी निर्माण (सलाङ्ग, धादिङ्ग निवासी कृष्ण सिलवालको नर्सरी, सन् २०१७)*

**महत्त्व**

पारिवारिक खेती ग्रामीण समुदायमा दिगो खाद्यवस्तु उत्पादन र खाद्य सम्प्रभूताको मूल आधार हो । यसले भूमि, जैविक विविधता र वातावरणमा नोक्सानी हुन नदिई खाद्य उत्पादन वृद्धि गर्न मद्दत गर्छ ।

विश्वमा ९० प्रतिशतभन्दा धेरै फार्महरू परिवारद्वारा संञ्चालित छन्[३] । त्यसमा पनि एशिया-प्रशान्त क्षेत्रमा सब भन्दा बढी (७४%) पारिवारिक किसानहरू छन्[४] । एशियामा बालीनाली, खाद्यान्न, दूध आदिको उत्पादन साना किसानहरूले नै गर्ने गरेका छन् ।

विश्वमा खाद्यान्नको ८० प्रतिशत हिस्सा पारिवारिक खेतीबाट नै उत्पादन हुने गर्दछ । खेती उत्पादनसँग मात्र नभई जमिनसँग पनि सम्बन्धित हुन आउँछ । यसरी खेती गरिने जमिन मध्ये ८४ प्रतिशतसँग २ हेक्टर भन्दा कम जमिन छ र उनीहरूले कूल जमिनको १२ प्रतिशत मात्र उपयोग गरिरहेका भएता पनि यस समूहले विश्वमा खाद्यवस्तुको ३६ प्रतिशत उत्पादन गरिरहेका छन् ।

पारिवारिक खेतीले खाद्य तथा पोषणका हिसाबले आवश्यक खाद्यवस्तुको उपलब्धता गराउनुको साथै उल्लेखनीय हिसाबले रोजगारीको समेत सृजना गरिरहेको छ । यसमा परम्परागत ज्ञानहरू एकबाट अर्को पुस्तामा हस्तान्तरण भइरहने अनि नयाँ ज्ञानहरू समानान्तर रूपमा अगाडि आउने भएकोले परम्परागत ज्ञानको जगेर्ना हुनुका साथै नवप्रवर्तनको सम्भावना पनि रहेको छ । अतः पारिवारिक खेती कृषि अर्थतन्त्रको अत्यन्त महत्वपूर्ण हिस्सा हो । यो खाद्य तथा पोषण सुरक्षा, खाद्य संप्रभुता, जैविक विविधता, भूमि र यसको वातावरण-मैत्री व्यवस्थापन तर्फ लक्षित दिगो खाद्य उत्पादनको भरपर्दो प्रणाली हो ।

पारिवारिक खेतीमार्फत प्रयोगमा रहेका कतिपय परम्परागत अभ्यासहरूले कृषि-जैविक विविधताको संरक्षण र वातावरणीय संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याईरहेका छन् । प्रकृति/वातावरण र मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने रसायन विना वा तीनको न्यूनतम प्रयोगबाट उत्पादन गरेको कृषिवस्तु बजारमा लगिने भएकोले पारिवारिक खेतीबाट उत्पादित खाद्य सामग्री स्वास्थ्यको दृष्टिकोणबाट पनि

३ https://www.fao.org/new-york/fao-statements/detail/en/c/1038629/

४ Shrestha, R.B., Ferrand, P., Penunia, M.E., Dave, M., and Ali, Y. (eds.). 2021. United Nations Decade of Family Farming 2019-2028: Regional Action Plan to Implement the UNDFF for Achieving the SDGs in South Asia. SAARC Agriculture Center, Dhaka, Bangladesh; Food and Agriculture Organization of the United Nations (FAO), Rome; Asian Farmers' Association (AFA), the Philippines; International Cooperative Alliance Asia and Pacific (ICA-AP), India. DOI: https://doi.org/10.4060/cb5030en

निकै भरपर्दो, महत्वपूर्ण र सुरक्षित हुन्छ । सुरक्षित कृषि अभ्यासहरू अपनाएर यो प्रणालीबाट खेती गरिने हुनाले यसबाट जलवायु परिवर्तन र यसका जोखिमहरूलाई कम गर्न मद्दत गर्दछ । यसले जलवायु परिवर्तनको असरलाई कम गर्न जैविक कृषि विविधता संरक्षण तथा प्रवर्द्धन गर्न, विश्वव्यापी अर्थतन्त्रमा योगदान दिन र जीवनयापन सजिलो पार्न प्रमुख भूमिका निर्वाह गरिरहेको छ ।

पारिवारिक खेती प्रणाली विश्वलाई स्वस्थ आहार खुवाउने दिगो र सुरक्षित माध्यम मात्र नभएर सन्तुलित तथा दिगो विकासको आधार पनि हो ।

**पारिवारिक खेती : राष्ट्रिय परिवेश**

राष्ट्रिय कृषिगणना, २०६८ अनुसार कृषियोग्य जमिन करिब ४१ प्रतिशत रहेको देखिन्छ । यसमध्ये करिब २१ प्रतिशत मात्र कृषि क्षेत्रमा उपयोग भएको पाइन्छ (स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सन् २०१९) । कृषि क्षेत्रमा उपयोग भएको भूमिमध्ये करिब ९२.६ प्रतिशत खेतीमा, ७.४ प्रतिशत स्थायी बालीविरुवा, चरन पोखरी तालतलैयाहरूमा रहेको पाइन्छ । गैह्रकृषि क्षेत्रमा उपयोग भएको भूमिमध्ये करिब ३८ प्रतिशत वन जङ्गल र ६२ प्रतिशत जग्गा 'अन्य' उपयोगमा रहेको पाइन्छ । (स्रोत : राष्ट्रिय कृषिगणना, वि.सं. २०६८) ।



*चित्र ४ : मार्फा मुस्ताङ्गका युवा कृषक (युवा कृषि अनुदान कार्यक्रम, पारिवारिक खेती कार्यक्रम सन २०१७)*

नेपालमा अझै पनि ६०.४% जनसंख्या कृषिमा निर्भर रहेको छ (स्रोत : आर्थिक सर्वेक्षण, २०७७/७८ वि.सं.) । अधिकांश परिवारले खेती गरेतापनि आफ्नै खेतीबाट वर्षैभरी खाद्यान्न उत्पादन नहुँदा नेपालमा खाद्य असुरक्षा व्याप्त छ । सबै

परिवारसँग जमिन छैन। समग्रमा २६.१% कृषक परिवार जग्गाबाट वञ्चित छन् (स्रोतः सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, सन् २०१९) । सबै खेतीयोग्य जमिनमा खेती गरिएको छैन।

खेतीयोग्य जमिन कृषिजन्य उत्पादनमाभन्दा शहरीकरण, ठुला आवास, घडेरीकरण र गैह्रकृषि प्रयोजनका लागि प्रयोग भइरहेकोले अहिलेको सन्दर्भमा जग्गा खण्डीकरण पनि महत्वपूर्ण मुद्दा हो । पारिवारिक खेती अभियानहरू 'एक परिवार, एक चक्ला' जस्ता कार्यक्रमहरूबाट यस प्रकारको भूमि समस्याहरूसँग जुध्दै कृषि जमिन संरक्षणमा मद्दत पुऱ्याउन भूमिको उपयोग र पहुँचमा केन्द्रित छन्। जनसंख्याको आधाभन्दा बढी भाग ओगट्ने महिला वर्ग भू-स्वामित्वबाट वन्चित छन्।

ग्रामीण महिला र युवाहरू कम आँकलन गरिएका मानव संसाधनहरू हुन् जसले राष्ट्रिय अर्थतन्त्रमा राम्रो योगदान दिन सक्छन्। नेपालमा गरीबी अर्को प्रमुख समस्या हो किनभने ४९ लाख अर्थात् कुल जनसंख्याको १७.४ प्रतिशत मानिस अझै पनि बहुआयामिक गरीबीको रेखामुनी छन्[५] । एशिया-प्रशान्त तथ्याङ्क सप्ताह २०२०को रिपोर्ट अनुसार नेपालको ७७ जिल्लाहरू मध्ये अझै पनि २६ जिल्लाहरू गरीबीका चपेटामा परेका छन्। खाद्यान्न उत्पादनको दृष्टिकोणले मधेश प्रदेश अगाडि रहेतापनि त्याँहाका जनाता अझै पनि खाद्य तथा पोषण सुरक्षाको चपेटामा छन्। नेपालका ४६ लाख जनसंख्या खाद्य असुरक्षित छन् जसको १०% अति प्रभावित छन् भने २२% मध्यम रूपमा प्रभावित छन्।

रोजगारीको सम्भावना हुँदाहुँदै पनि नेपालको कृषि क्षेत्रले युवा पुस्तालाई आकर्षित गर्न नसक्दा अधिकांश युवा रोजगारी वा अध्ययनका लागि विदेश जाने गरेका छन्[६] । भारतमा बसोबास गर्नेहरू बाहेक करिब ४० लाख नेपाली विदेशमा रहेको अनुमान गरिएको छ। यो संख्या हाम्रो जनसंख्याको उत्पादनशील उमेर समूहको १४% भन्दा बढी हो। विश्व बैङ्कले सन् २०१२ मा नेपाल सबैभन्दा बढी विप्रेषण रकम भित्र्याउने साना देशहरूको सूचीभित्र रहेको उल्लेख गरेको थियो भने सन् २०१९ र २०२० कोरोना महामारीका कारण विप्रेषण रकममा आएको ह्रासले नेपालको अर्थतन्त्रमा नै गम्भीर सङ्कट निम्त्याएको छ। नेपालको खेती प्रणालीमा सुधार गर्न सक्ने हो भने बेरोजगारी र खाद्य असुरक्षा जस्ता समस्या न्यूनीकरण गर्न सकिन्छ। यसको

५ Multidimensional Poverty Index of Nepal 2021, UNICEF https://www.unicef.org/nepal/media/14346/file/MPI_Report_2021.pdf

६ Singh, Kunwar., 2015, Emigration of Nepalese People and Its Impact, Economic Journal of Development Issues (2015) vol. 19(20)

लागि पारिवारिक खेती उपयुक्त हुने देखिन्छ ।

नेपालमा गरिदै आएको खेतीको प्रणालीको आफ्नै विशेषताहरू रहेका छन् । हिमाल पहाड र तराईको पर्यवारणीय धरातलको स्वरूप अनुसार बीउबिजन खेती लगाउने समय, बाली चक्र, बाली अनुसारको जमिनको व्यवस्थापन,पशुपालन महिलापुरुषको स्वभाव अनुसारको श्रम उपयोग परिपाटीमा आधारित हुनु यसका केही उदाहरणहरू हुन् ।

युगौं देखि उपयोग सिद्ध हुदै आएका यी प्रविधिहरू श्रमप्रधान र अधिक समय व्यतित हुने भएकाले  यिनको आधुनिकीकरण गरी श्रममैत्री प्रविधि र माटो संरक्षित प्रणाली, वाली अनुरूप भू-क्षय बिनाको जल व्यवस्थापन तथा उपयोग गर्दा परम्परागत कृषि प्रणालीमा समयानुकुल सुधार गर्दै अगाडी बढ्न सकिन्छ । यसले ग्रामिण कृषकहरूलाई सहज रूपान्तरण गर्ने कम लागतको खेती प्रणालीबाट बढी लाभ प्राप्त हुने भएकाले युवा जनशक्तिलाई समेत आकर्षित गर्ने सम्भावना देखिन्छ । यस किसिमको रूपान्तरण पारिवारिक खेतीबाट नै सम्भव छ किनभने पारिवारिक खेतीभित्र शाररिक श्रम न्यूनतम गर्दै अधिकतम आयको प्रतिफल नयाँ पुस्ताले प्रत्यक्ष देख्ने अवसर पाउने छन् ।

हामीसँग खेती गर्न जमिन छ, तर कतिपय खेतीयोग्य जमीन बाँझो छ र कतिपय भोका परिवारहरू खानाको पर्खाइमा छन् । युवाहरू र ग्रामीण महिलाहरू बेरोजगार छन् । यी तमाम समस्याहरू सम्बोधनका लागि पारिवारिक खेती प्रणालीको प्रभावकारी कार्यान्वयनले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । सारांशमा, पारिवारिक खेती भनेको अर्थतन्त्रको उत्थान गर्दै, भूमि र मानव स्रोतको दिगो उपयोग गर्ने र स्वस्थ्य आहार वन्दोवस्तिको भरपर्दो अवसर हो ।

# पारिवारिक खेती अभियानको पृष्ठभूमि

विश्व ग्रामीण मञ्च (World Rural Forum-WRF) ले सन् २००८ मा ७०० भन्दा बढी नागरिक सङ्गठन, सरकार र अन्तर्राष्ट्रिय संस्थाहरू (मुख्य रूपमा खाद्य एवं कृषि  सङ्गठन तथा कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष) बाट समर्थन प्राप्त गरी पारिवारिक खेती अभियान शुरू भएको थियो । यो अभियानले संयुक्त राष्ट्र संघको महासभाबाट २०१४ लाई **अन्तर्राष्ट्रिय पारिवारिक खेती वर्ष** (IYFF) घोषणा गर्न प्रोत्साहित गरेको थियो । २२ डिसेम्बर, २०११ मा संयुक्त राष्ट्र संघको महासभाको ६६ औं सत्रमा अन्तर्राष्ट्रिय पारिवारिक खेती वर्ष (IYFF) अभियानको राष्ट्रिय प्रस्तावमा कृषि, वातावरणीय र सामाजिक नीतिहरूको केन्द्रमा पारिवारिक खेती सञ्चालन गर्न कार्यक्रमको रूपमा अगाडि बढाइएको थियो  ।

६० देशका ३५० भन्दा बढी संघसंस्थाहरूको सहकार्यमा भएको पारिवारिक खेतीको अभियानलाई विश्व ग्रामीण मञ्चले समन्वय गरेको थियो । नेपाल र बुर्किना फासो दुई देशले कार्य समूहहरू बनाउँदै आ-आफ्नो देशमा पारिवारिक खेती सम्बन्धी वहस, पैरवी र प्रसारको कार्य तत्काल थालनी गरिएको थियो ।




*चित्र ५ : पारिवारिक खेती कार्यक्रम अन्तर्गत धान दिवसको अवसरमा सामुहिक धान रोपाई कार्य हुँदै, दक्षिणकाली, काठमाण्डौं, २०१७*

सन् २०१३ को शुरूमा नेपालमा पहिलो पटक राष्ट्रिय कार्यान्वयन समिति गठन गरियो। नेपालमा "अन्तर्राष्ट्रिय पारिवारिक खेती वर्ष २०१४" को सफलतापूर्वक कार्यान्वयन गर्नका लागि नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का अध्यक्षको अध्यक्षतामा राष्ट्रिय कार्यान्वयन समिति गठन गरि सचिवालयको जिम्मेवारी नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.ले लिएको थियो। यसै गरी, तत्कालीन माननीय कृषि मन्त्रिको संरक्षकत्वमा र कृषि सचिवको अध्यक्षतामा राष्ट्रिय निर्देशक समिति गठन गरियो। यस समितिद्वारा भएमा निर्णय तथा कार्यविधिका आधारमा कार्यान्वयन समितिबाट कार्यक्रम कार्यान्वयन गर्ने पद्धतिको विकास गरियो। अन्तर्राष्ट्रिय पारिवारिक खेती वर्ष २०१४ को नीति, रणनीति र कार्यक्रमहरू प्रभावकारी रहेको थियो। यसले पारिवारिक खेती अभियानलाई जारी राख्न थप उत्प्रेरित गरेकाले पारिवारिक खेती दशकको प्रस्ताव अगाडि सारियो। सो प्रस्तावलाई नेपाल सरकारबाट स्वीकृत गरी संयुक्त राष्ट्र संघ र विश्व ग्रामीण मञ्चमा अनुरोध गर्ने काम भयो।



*चित्र ६ : राष्ट्रिय निर्देशक समितिको वैठक, २०२१*




*चित्र ७ : पारिवारिक खेती वर्ष अभियान मार्गचित्र*

अन्तर्राष्ट्रिय समुदायमाझ अन्तर्राष्ट्रिय पारिवारिक खेती अभियानलाई एक दशकसम्म निरन्तर सञ्चालन गर्न माग गरियो। पारिवारिक खेतीको दशक अभियानलाई खाद्य एवं कृषि सङ्गठन, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष जस्ता अन्तर्राष्ट्रिय निकायहरू र International Chamber of Commerce (ICC) , Comunidade dos Países de Língua Portuguesa (CPLP), Specialized Meeting on Family Farming of MERCOSUR (REAF) र अन्य संस्थाहरूबाट पूर्ण रूपमा समर्थन प्राप्त भयो।

**पारिवारिक खेती दशक** (२०१९–२०२८) **संयुक्त राष्ट्र संघको महासभाले डिसेम्बर २०, २०१७ मा ७२औँ सत्रबाट आधिकारिक रूपमा अनुमोदन गरेको थियो।**

संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक घोषणा हुनु एक ऐतिहासिक कदम हो। पारिवारिक खेतीको महत्त्व बुझेर अन्तराष्ट्रिय समुदायहरूले यसलाई मान्यता दिएका छन् र यसको महत्त्व बुझेका छन् र पारिवारिक खेती दशकको ढाँचा अनुरूप तर्जुमा हुने राष्ट्रिय कार्ययोजनामा सहयोग गर्ने घोषणा गरेका छन्। नीति तर्जुमा र कार्यक्रम कार्यान्वयन दुवैमा अन्तराष्ट्रिय समुदायको चासो देखिन्छ। हरेक सरकारहरूले परिवेश

अनुरूपको नीति तर्जुमा गर्ने प्रयास गरेका छन् । फराकिलो सोचका साथ लगानी गर्ने स्थिति पनि बनेको छ। साथै, दिगो विकास लक्ष्य हासिल गर्न पनि यो अभियान सहयोगी हुने देखिन्छ।

पारिवारिक खेती दशकले किसान आफैँलाई परिवर्तनको मुख्य कर्ताको रूपमा पहिचान गरेको छ। विश्व खाद्य एवं कृषि सङ्गठन र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषले यस कार्यक्रममा संयोजनकारी भूमिका खेलिरहेका छन् । संयुक्त राष्ट्र संघको साधारण सभाले जारी गरेको घोषणापत्रमा यसका सबै सरोकारवाला विशेषतः किसान सङ्गठनहरूको सहकार्यलाई विशेष जोड दिइएको छ। तसर्थ, सम्बन्धित सरोकारवालाहरूले यसका लागि विशेष भूमिका खेल्न आवश्यक छ। पारिवारिक खेती दशक एक रूपान्तरणकारी संरचना हो जसले खाद्य प्रणाली र दिगो विकास लक्ष्य हासिल गर्न सहयोगी भूमिका खेल्न सक्छ।

संयुक्त राष्ट संघ पारिवारिक खेती दशक एउटा विश्वव्यापी अभियान हो, जसले यसका लागि लगानीको प्रतिबद्धता पनि बलियो बनाउँछ। यस प्रक्रियामा सयौँ किसान सङ्गठनहरू र नागरिक संस्थाहरू जोडिएका छन् ।

**परिकल्पना**

यस्तो विश्वको निर्माण गर्ने जहाँ स्वस्थकर, दिगो र विविधताले भरिपूर्ण खाद्य तथा कृषि प्रणालीको विकास हुनेछ, जहाँ ग्रामीण तथा शहरी समुदायहरूले आत्मसम्मानका साथ गुणस्तरीय जीवन व्यतित गर्नेछन्, गरिबी र भोकमरी रहित समतामूलक समुदायको निर्माण हुनेछ।

**उद्देश्य**

पारिवारिक खेती कार्यक्रमको मुख्य उद्देश्य सबै प्रकारका गरिबीको अन्त्य, असमानता न्यूनीकरण र जलवायु परिवर्तनसँग जुध्न अन्तर्राष्ट्रिय समुदायको प्रयासलाई राष्ट्रिय परिवेशमा समेट्नु रहेको छ। यसका सहायक उद्देश्यहरू निम्नानुसार रहेका छन्।

- पारिवारिक खेतीको पक्षमा पैरवी र नीतिगत वकालत गर्ने।
- ग्रामीण क्षेत्रमा पारिवारिक खेतीका समस्या र अवसरहरूको पहिचान गरी

जागरूकता बढाउने ।

- गरिबीविरुद्ध लड्नका लागि खाद्य सुरक्षा र खाद्य सम्प्रभूताको सुनिश्चितता गर्ने ।
- किसान संघ संस्थाहरूको क्षमता विकास गर्दै वैधानिकता दिलाउन सहजिकरण गर्ने ।
- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहकारी खेती र कृषि यान्त्रिकीकरणको प्रयोगमा वृद्धि गर्ने ।
- बाँझो जमिनलाई पूर्णरूपमा कृषि कार्यमा प्रयोग गर्ने ।
- दिगो उत्पादनका लागि समुदाय स्तरमा रहेका ज्ञान,  सीप तथा स्थानीय बीउ बिजन संरक्षण हुने पारिवारिक खेती अवधारणाको विकास गरी पारिवारिक खेतीसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्न प्रभावकारी योजना तथा रणनीति तर्जुमा गर्ने ।
- पारिवारिक खेतीसम्बन्धी अध्ययन र अनुसन्धान गर्ने ।



*चित्र ८ : पारिवारिक खेती कार्यक्रम अन्तर्गत युवा कृषक अनुदानबाट गरिएको बाखा पालन, साटाखानी, सुर्खेत, २०१५*

**स्तम्भहरू**

पारिवारिक खेती दशकका ७ वटा स्तम्भहरू छन्, जुन १७ वटा दिगो विकास लक्ष्यहरू मध्ये १० वटासँग प्रत्यक्षरूपमा सम्बन्धित छन्[७] । यी स्तम्भहरू संयुक्त राष्ट संघ पारिवारिक खेती दशकको परिकल्पना पूरा गर्न तर्जुमा गरिएका हुन् ।

१. पारिवारिक खेती अभियानलाई सशक्त बनाउन सोसँग सम्बन्धीत नीति/नियम तर्जुमा गर्न अनुकूल वातावरणको सृजना गर्ने ।

२. पारिवारिक खेती अभियानलाई दिगो रुपमा अगाडी बढाउन युवा पिंढीलाई विभिन्न श्रोत र साधनमा पहुँच पुऱ्याउन सहयोग गर्ने ।

३. पारिवारिक खेतीमा लैङ्गिक समताको प्रर्वद्धन गर्ने र ग्रामीण महिलाहरुको नेतृत्व विकासमा सहयोग पुऱ्याउने ।

४. पारिवारिक खेती अभियानमा संलग्न संघ/संस्थाहरुको क्षमता वृद्धी गरी किसानहरुका विभिन्न मुद्दामा स्थानीय देखि राष्ट्रिय स्तरसम्म प्रतिनिधीत्व गर्न र ग्रामीण क्षेत्रमा समावेशी सेवा उपलब्ध गराउन सो संस्थाहरुको सवलीकरणमा सहयोग गर्ने ।

५. पारिवारिक कृषकहरु, ग्रामीण भेगका परिवारहरु समुदायहरुको आर्थिक समाजिक समावेशीकरणमा सुधार गरी उनीहरुको जिविकोपार्जनमा सुधार ल्याउने ।

६. वातावरण अनुकुल खाद्य प्रणालीका लागि दिगो पारिवारिक खेती प्रबर्द्धन गर्ने ।

७. पारिवारिक खेतीको बहुआयामिकतालाई सवलिकरण गरी जैविक विविधता, वातावरण र संस्कृतिलाई संरक्षण गर्दै क्षेत्रगत विकास र खाद्य प्रणालीमा योगदान पुऱ्याउन गर्न सामाजिक नविनतालाई प्रवर्द्धन गर्ने ।

७ Peaceful, Just and Inclusive Societies, A SDG 16 Plus Report, 2021, National Planning Commission

## दिगो विकास लक्ष्य र संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशक

दिगो विकास लक्ष्य र संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशकका लक्ष्य तथा सूचांकमा धेरै समानता छन् । दिगो विकास लक्ष्य एक र दुईसँग प्रत्यक्ष सम्बन्ध छ । **लक्ष्य १: गरिबीको अन्त्य** हासिल गर्नका लागि दिगो विकासको योजना अनुरूप स्रोत परिचालन गर्दै हरेक परिवारको आर्थिक विकास गरेर गरिबी न्यूनीकरण गर्ने माध्यम पारिवारिक खेती हो ।

त्यस्तै खाद्य उत्पादन, विश्व खाद्य रूपान्तरण, खाद्य गुणस्तर र खाद्य सुरक्षा जस्ता पक्षहरूलाई सबल बनाउँदै भविष्यमा खाद्यान्नको माग आफैं पूर्ति गर्न जोड दिँदै आएको छ । पारिवारिक खेती कार्यक्रम **लक्ष्य २: भोकमरीको अन्त्य** सँग पनि प्रत्यक्ष रूपमा सम्बन्धित छ । रैथाने बालीहरूको संरक्षण र उचित प्रयोग गर्नमा यस अभियानले महत्वपूर्ण भूमिका खेल्दछ । पारिवारिक खेतीले मानिस तथा पशुपंन्छीहरुको लागि स्वस्थ आहार उत्पादन गर्न उत्प्रेरित गर्दछ । साथै, खाद्यान्नको नोक्सानी रोक्न विविध प्रविधिहरू प्रयोग गरिरहेको हुन्छ ।



*चित्र ९ : पारिवारिक खेती कार्यक्रम अन्तर्गत युवा हरुलाई पारिवारिक खेती सम्बन्धी ब्यावसायिक योजना तालिम, चितवन, २०१४*

जब किसानले स्वस्थ पोषणयुक्त खाद्यान्न उत्पादन गर्न सक्छन्, यसले विश्वस्तरमा नै भोकमरी, कुपोषण, र गरिबीलाई कम गर्न सघाउनेछ । यसरी पारिवारिक खेतीले **लक्ष्य ३: सुस्वास्थ्य तथा सम्बृद्ध जीवन** हासिल गर्न मद्दत पुऱ्याई किसानहरूलाई सक्षम र सवल बनाउनुका साथै समग्र खाद्य प्रणालीमा उनीहरूको भूमिकालाई बढाउँछ । त्यतिखेर उनीहरू आफ्नो समुदायलाई बढी सहयोग गर्ने हैसियतमा हुन्छन् ।

यस अवस्थामा दिगो विकास **लक्ष्य १६: शान्ति, न्याय र सशक्त निकायहरू** र **लक्ष्य १७: लक्ष्य प्राप्तिका लागि साझेदारी** हासिल गर्नमा पनि सकारात्मक योगदान पुग्छ।

उचित मात्रामा स्वस्थ कृषि उत्पादन गर्ने खेती प्रणालीको माध्यमबाट पारिवारिक आहार जुटाउनु नै पारिवारिक खेती हो। नेपालमा मुख्यतः पारिवारिक खेतीबाट नै आफ्नो परिवारको पालन पोषण तथा जीविकोपार्जन गर्ने भएकाले स्थानीय उत्पादनहरू तुलनात्मक हिसाबमा स्वास्थ्यको लागि लाभदायी हुने गर्दछन्। यस कार्यक्रमबाट दीगो विकास लक्ष्य-३ सु-स्वास्थ्य हासिल गर्न पनि सहयोग पुग्नेछ। विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै युवाहरूलाई उत्पादनशील बनाउने भएकाले पनि यसले दिगो विकास लक्ष्य हासिल गर्न मद्दत गर्छ।



*चित्र १०: कुखुरापालनमा सम्बद्ध महारानीझोडाकी पारिवारिक खेती गर्ने महिला किसान, झापा सन् २०१४*

स्तम्भ ३ ले पारिवारिक खेतीमा लैङ्गिक समताको प्रवर्द्धन गरी ग्रामीण महिलाहरूको नेतृत्व विकासमा सहयोग पुऱ्याउने भएकाले पारिवारिक खेतीको लक्ष्य हासिल गर्न मद्दत गर्छ। लैङ्गिक समताको सूचकसँग पारिवारिक खेती दशकको यस तेस्रो स्तम्भ सम्बन्धित छ। ग्रामीण महिलाहरूको नेतृत्व विकास गर्दै लैङ्गिक समताको प्रवर्द्धन गर्ने हुनाले तेस्रो स्तम्भले महिला पुरुषलाई समान अवसर र अधिकार दिन्छ जसले दिगो विकास **लक्ष्य ५: लैङ्गिक समानता** र **लक्ष्य १०: असमानताको न्यूनीकरण** हासिल गर्न मद्दत पुऱ्याउँछ। युवाहरूलाई उत्प्रेरित गरेर कृषितर्फ आकर्षित गर्छ र

बेरोजगारी न्यूनीकरण गरी देशको कुल आय वृद्धि गर्न सहयोग गर्छ जुन **लक्ष्य ८ः मर्यादित काम र आर्थिक वृद्धि** हासिल गर्नको लागि सबल पक्ष हो ।

स्तम्भ ६ ले वातावरण अनुकूल खाद्य प्रणालीका लागि दिगो पारिवारिक खेती प्रबर्द्धन गर्ने कार्य योजनाका साथ वातावरणीय संरक्षणलाई महत्व दिएकाले यो दिगो विकासका **लक्ष्य १३ः जलवायुमा पहल** सँग प्रत्यक्ष सम्बन्धित छ र **लक्ष्य ६ः स्वच्छ पिउने पानी तथा सरसफाई**, **लक्ष्य १४ः जलमुनीको जीवन**, **लक्ष्य १५ः जमिनमाथिको जीवन** हासिल गर्न सहयोग पुऱ्याउँछ ।

दिगो विकास लक्ष्यका १७ वटै सूचकहरूसँग कुनै न कुनै आयाममा एक अर्कासंग सम्बन्धित भएकाले पनि पारिवारिक खेती र दिगो विकास लक्ष्यलाई एक अर्काका पुरक हुन् भन्न सकिन्छ ।


## कार्यक्रम कार्यान्वयन ढाँचा

पारिवारिक खेती कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्न राष्ट्रिय निर्देशक समिति र राष्ट्रिय कार्यान्वयन समितिको व्यवस्था भएको छ । आवश्यकता अनुसार समय- समयमा सुझाव तथा सहयोगको लागि राष्ट्रिय सल्लाहकार समिति पनि गठन गरिएको छ। कार्यक्रम तर्जुमा गर्दा राष्ट्रिय कार्यान्वयन समितिका सदस्यहरूको छलफल तथा निचोड बमोजिम तयार गरी सिफारिस सहित राष्ट्रिय निर्देशक समितिमा पेश गरिन्छ र स्वीकृत भएपछि कार्यान्वयनमा लगिन्छ ।

पारिवारिक खेती अभियान सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नेपाल सरकार तथा अन्तर्राष्ट्रिय निकायहरू खाद्य एवं कृषि सङ्गठन, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष, विश्व ग्रामीण मञ्च, अन्तर्राष्ट्रिय सहकारी महासंघ, SAARC Agriculture Center, World Farmers Organizations, आदि राष्ट्रिय समितिलाई आर्थिक, प्राविधिक र नैतिक सहयोग गर्न प्रतिबद्ध छन् । यस अभियानलाई सफलतापूर्वक कार्यान्वयन गर्न विभिन्न सरकारी निकायहरू, सरोकारवालाहरू, किसान संघ सङ्गठन, कृषिसँग सम्बन्धित संघसंस्था र सामाजिक/नागरिक सङ्गठन लागि पर्न आवश्यक छ ।

पारिवारिक खेती गर्दै आएका किसानहरूको कठिनाइ र समस्याहरूको प्रभावकारी पहिचान तथा तिनको समाधान पर्याप्त मात्रामा भएको छैन । समस्याहरूको विश्लेषण गरी समाधानका उपायहरूका बारेमा सम्बन्धित सरोकारवाला संघसंस्थाहरूसँग समेत छलफल गरी कार्यक्रमहरूलाई अझ बढी परिणाममूखी बनाउन सकिन्छ। यस्ता कार्यक्रम

र गतिविधिहरूलाई अनुमोदनको लागि राष्ट्रिय निर्देशक समितिमा पेश गरिन्छ र राष्ट्रिय निर्देशक समितिको वैठकबाट आवश्यक छलफल र आवश्यक भएमा परिमार्जनसहित कार्यक्रम स्वीकृत गरिन्छ।




*चित्र ११: कार्यक्रम कार्यान्वयन संरचना*

सरकारका सबै तह, अन्तर्राष्ट्रिय संघसंस्था, कृषकहरूद्वारा स्थापित संघसंस्था, सङ्गठन र सरोकारवालाहरूको सहयोगमा यो कार्यक्रम सञ्चालन हुन आवश्यक छ।

सल्लाहकार समितिबाट आवश्यकता अनुसार विचार, सूचना र सुझावहरु प्राप्त हुन्छ। निर्धारित कार्यक्रमहरू कार्यान्वयन भए पश्चात सहि रूपमा कार्यान्वयन भए नभएको मूल्याङ्कन गर्न आवश्यकतानुसार अनुगमन गरिन्छ। राष्ट्रिय कार्यान्वयन समितिले सूक्ष्म अनुगमन गर्छ भने राष्ट्रिय निर्देशक समितिले आवश्यकता अनुरूप अनुगमन गर्ने गर्छ।

## राष्ट्रिय निर्देशक समिति

कृषि तथा पशु विकास मन्त्रालयका माननीय मन्त्री संरक्षक र श्रीमान सचिव अध्यक्ष रहेको IYFF २०१४ को राष्ट्रिय निर्देशक समितिमा केही हेरफेर गरी UNDFF २०१९-२०२८ को लागि पनि सोही समितिले निर्देशन गर्ने व्यवस्था गरिएको छ। सो समितिमा आवश्यकता अनुसार थपघट गर्न सकिने व्यवस्था रहेको छ। समितिमा तपसिल अनुसारका सदस्यहरू रहने व्यवस्था छ।

| क्र.सं | प्रतिनिधित्व | प्रतिनिधित्व हुने संघ संस्था | पद |
|---|---|---|---|
| १ | माननीय मन्त्री | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | संरक्षक |
| २ | सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अध्यक्ष |
| ३ | सह-सचिव | अर्थ मन्त्रालय (योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा) | सदस्य |
| ४ | सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (योजना तथा विकास सहायता समन्वय महाशाखा) | सदस्य |
| ५ | सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा) | सदस्य |
| ६ | सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपंक्षी तथा मत्स्य विकास महाशाखा) | सदस्य |
| ७ | सह-सचिव | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय (योजना, अनुगमन तथा समन्वय महाशाखा) | सदस्य |
| ८ | सह-सचिव | वन तथा वातावरण मन्त्रालय (योजना, अनुगमन तथा समन्वय महाशाखा) | सदस्य |
| ९ | सह-सचिव | राष्ट्रिय योजना आयोग (पूर्वाधार तथा उत्पादन महाशाखा) | सदस्य |
| १० | सह-सचिव | उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | सदस्य |
| ११ | महानिर्देशक | कृषि विभाग | सदस्य |
| १२ | महानिर्देशक | पशु सेवा विभाग | सदस्य |
| १३ | रजिष्ट्रार | सहकारी विभाग | सदस्य |
| १४ | कार्यकारी निर्देशक | नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| १५ | अध्यक्ष | राष्ट्रिय सहकारी महासंघ | सदस्य |
| १६ | अध्यक्ष | अखिल नेपाल किसान महासंघ | सदस्य |
| १७ | अध्यक्ष | राष्ट्रिय कृषक समूह महासंघ | सदस्य |
| १८ | अध्यक्ष | गैह्र सरकारी संस्था महासंघ नेपाल | सदस्य |
| १९ | अध्यक्ष | नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. | सदस्य सचिव |

## राष्ट्रिय कार्यान्वयन समिति

नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेडका अध्यक्षको अध्यक्षतामा संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशकलाई कार्यान्वयन गर्ने कृषिक्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवालाहरूको सहभागितामा राष्ट्रिय कार्यान्वयन समिति गठन गरिएको छ । यस समितिले जनचेतना जगाउने, किसानहरु तथा किसानहरूद्वारा गठित समूह, संघ संस्थाहरूको क्षमता विकास गर्ने, अनुकूल पारिवारिक खेती नीतिहरूको लागि पैरवी गर्ने

तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने गर्दछ।



*चित्र १२: राष्ट्रिय निर्देशक समितिको बैठक, सन् २०२१*



*चित्र १३ : राष्ट्रिय कार्यान्वयन समितिको वैठक, २०१४*

यस समितिमा तपसिलमा उल्लेखित संघ सरकारी निकाय संस्थाहरूको प्रतिनिधित्व रहने व्यवस्था छ।

| | | |
|---|---|---|
| १. कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २. कृषि विभाग | ३. पशुसेवा विभाग |
| ४. सिञ्चाई विभाग | ५. शिक्षा विभाग | ६. नेपाल उद्योग वाणिज्य महासंघ |
| ७. नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. | ८. अखिल नेपाल किसान महासंघ | ९. राष्ट्रिय कृषक समुह महासंघ, नेपाल |
| १०. केन्द्रीय चिया सहकारी संघ लि. | ११. नेपाल विकास अभियान | १२. कृषि बीउ, तरकारी तथा फलफुल केन्द्रीय सहकारी संघ लिमिटेड |
| १३. नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लिमिटेड | १४. नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लिमिटेड | १५. जडिबुटी सहकारी केन्द्रीय संघ लि. |
| १६. केन्द्रीय उखु उत्पादक सहकारी संघ लिमिटेड | १७. मोड नेपाल | १८. कारितास नेपाल |
| १९. केन्द्रीय कफि सहकारी संघ | २०. नेपाल केन्द्रीय मत्स्य सहकारी संघ लिमिटेड | २१. सामुदायिक आत्मार्निभर सेवा केन्द्र |
| २२. नेपाल सूचना तथा संचार केन्द्रीय सहकारी संघ लिमिटेड | २३. केन्द्रीय पशुपालन सहकारी संघ लिमिटेड | २४. पशुपालक केन्द्रीय संघ |
| २५. जुनार केन्द्रीय सहकारी संघ लि | २६. संचार (विशाल मिडिया) | २७. केन्द्रीय दुग्ध सहकारी संस्था लिमिटेड |
| २८. CEPREAD | २९. सप्रोस नेपाल | ३०. राष्ट्रिय भूमी अधिकार मञ्च नेपाल |

## राष्ट्रिय सल्लाहकार समिति

राष्ट्रिय कार्यान्वयन समितिलाई पारिवारिक खेती अभियान सम्बन्धी विभिन्न गतिविधिका सम्बन्धमा सुझाव दिन तथा मार्गदर्शन गर्नका लागि नेपालका अनुभवी, प्रतिष्ठित कृषि विज्ञ, सामाजिक/कृषि-अर्थशास्त्री र वित्त विज्ञ सम्मिलित ५ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ। समितिमा निम्न पदाधिकारीहरू रहेका छन् ।

| क्र.सं. | प्रतिनिधित्व | पद | प्रतिनिधित्व हुने संघ संस्था |
|---|---|---|---|
| १ | श्री केशव बडाल | पूर्व मन्त्री | नेपाल सरकार |
| २ | डा. मीन बहादुर श्रेष्ठ | पूर्व उपाध्यक्ष | राष्ट्रिय योजना आयोग |
| ३ | श्री श्रीकृष्ण उपाध्याय | पूर्व सदस्य | राष्ट्रिय योजना आयोग |
| ४ | डा. हरि कृष्ण उपाध्याय | पूर्व सदस्य | राष्ट्रिय योजना आयोग |
| ५ | श्री केशव आचार्य | वरिष्ठ कार्यक्रम सल्लाहकार | समुन्नति नेपाल (Economic Policy Incubator) |

## विश्व कार्य योजना

खाद्य एवं कृषि  सङ्गठन र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषले सम्बन्धित सरोकारवालाहरूको सहभागितामा पारिवारिक खेती दशकको लागि २०१९ मा विश्वव्यापी कार्ययोजना तर्जुमा गरेको हो[८] । यस कार्ययोजनाले स्थानीय स्तरदेखि विश्वव्यापी रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने समन्वयात्मक सञ्जालको पहिचान गरेको छ।

वर्तमान समयमा बढ्दो जनसंख्यालाई पर्याप्त र पौष्टिक खाद्यान्न उपलब्ध गराउने ठूलो जिम्मेवारी बोकेको कृषि क्षेत्र विभिन्न चुनौतीबाट गुज्रिरहेको छ । बदलिँदो जलवायु र बिग्रँदै गएको वातावरणसँग जुध्न तथा ग्रामीण र शहरी सामाजिक-आर्थिक स्थिति बीचको खाडललाई न्यूनीकरण गर्ने तयार पारिएको यो कार्ययोजनाले पारिवारिक खेती अभियानलाई सफल बनाउन सहयोग पुऱ्याउँछ। यस अभियानलाई विश्वव्यापी रूपमा सफल बनाउनको लागि, UNDFF द्वारा आशाजनक नतिजाहरू सहित विश्वव्यापी कार्य योजना प्रस्तुत गरिएको छ।

## राष्ट्रिय कार्य योजना

पारिवारिक खेती दशकले ग्रामीण र शहरी दुवै क्षेत्रहरूको विकासमा जोड दिँदै आइरहेको छ ।  कोहि पछि नपरुन् र कोहि भोका नरहुन् (Leaving No One Behind) भन्दै किसानहरूको क्षमता अभिवृद्धि गरेमा उनीहरू स्वयम् आफूलाई नै आफ्ना परिवर्तनकर्ता बनाउन सक्छन । यसरी विश्वव्यापी प्रतिबद्धतालाई फिजाउँदै विश्वभरका राष्ट्रिय स्तर देखि  स्थानीय स्तरसम्म कार्यक्रमहरू पुऱ्याएमा मात्र  विश्व कार्य योजनाले लक्ष्य हासिल गर्न




*चित्र १४: अन्तर्राष्टिय पारिवारिक खेती वर्ष २०१४ कार्यक्रम, झापा*

८ FAO and IFAD. 2019. United Nations Decade of Family Farming 2019-2028. Global Action Plan. Rome.Licence: CC BY-NC-SA 3.0 IGO

सक्छ।

विश्वव्यापी कार्ययोजनालाई प्रभावकारी बनाउन पारिवारिक खेती अभियानलाई स्थानीय तहसम्म पुऱ्याउनु आवश्यक भएको हुँदा हरेक देशले राष्ट्रिय कार्ययोजना निर्माण गरी लागु गर्न आवश्यक छ[९]।

हरेक देशहरूले आ-आफ्नो देशको लागि राष्ट्रिय स्तरको प्रभावकारी र लचिलो कार्य योजना तयार गर्नु पर्छ। अहिले सम्ममा १० वटा देशहरूको राष्ट्रिय कार्य योजना पारित भई सकेको छ भने ३१ वटा देशहरू राष्ट्रिय कार्य योजना बनाउने प्रक्रियामा छन्। संयुक्त राष्ट्र संघ पारिवारिक खेती दशकले सन् २०२४ सम्ममा १०० देशहरूको राष्ट्रिय कार्ययोजना निर्माण गर्ने लक्ष्य लिएको छ।

नेपालको सन्दर्भमा राष्ट्रिय कार्यान्वयन समितिको अनुरोधमा राष्ट्रिय निर्देशक समितिबाट दश वर्षे राष्ट्रिय कार्ययोजना जुलाई १, २०२० मा स्वीकृत भएको थियो। **UNDFF कार्यक्रम सञ्चालन समितिले नेपालको १० वर्षे राष्ट्रिय कार्ययोजना जुलाई १, २०२० मा स्वीकृत गरेको छ**। उक्त कार्ययोजना कोभिड–१९ महामारीका साथै आर्थिक स्रोतको अभावका कारणबाट पुरा हुन कठिनाई देखिएकाले पुनः २०७९ वैशाख ०७ गते सम्भाब्यता र आवश्यकतानुसार परिमार्जन गरी कार्यान्वयन गर्ने निर्णय भएको छ।



*चित्र १५ : राष्ट्रिय निर्देशक समितिको वैठक, सन् २०२२*

९ FAO, SAC, AFA & COOP. 2022. UNDFF Regional Action Plan for strengthening family farming in South Asia 2021–2028. Bangkok. https://doi.org/10.4060/cb8345en

नेपाल राष्ट्रिय कार्य योजना पारित गर्ने देशहरूको सूचीमा अग्रपङ्क्तिमा हुनु हाम्रो लागि उपलब्धि हो। पारिवारिक खेतीका सात स्तम्भहरूमा आधारित रहेर बनेको राष्ट्रिय कार्य योजनालाई हाम्रो देशको परिवेश, अवसर, चुनौतीहरू एवं आवश्यकताहरू ध्यानमा राखेर तयार गरिएको छ। पारिवारिक खेतीको राष्ट्रिय कार्ययोजना अनुसूची १ मा राखिएको छ।

यो कार्ययोजना पारिवारिक खेती दशकको लक्ष्य हासिल गर्ने उपयुक्त मार्ग चित्र हो। सन् २०१९ देखि २०२८ को यस यात्राको शुरूवातमा नै कोभिड-१९ को महामारीले केही व्यवधान खडा गरेको छ। उत्पादक परिवारहरूको स्वास्थ्यमा प्रतिकुलता र कार्यगतिमा ह्रास ल्याउनुका साथै कृषि उपजहरूको बजारिकरणमा पनि कठिनाई भएको छ। विनियोजित बजेट कोभिड-१९ का कारणले उपलब्ध हुन नसक्दा कार्य योजना कार्यान्वयन गर्न कठिनाई भएको छ।

## गतिविधि र उपलब्धिहरूको समयरेखा

२०१४ को यात्रादेखि आज सम्म, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. ले सचिवालयको रूपमा विभिन्न गतिविधिहरू संचालन गर्दै आएको छ। IYFF २०१४ को कार्यक्रम अन्तर्गत देशभर पारिवारिक खेतीका सकारात्मक पक्षहरू उजागर गर्दै गरिएको अभियानले ठूलो प्रभाव पारेको थियो।





*चित्र १६ : पारिवारिक खेती : पुरस्कार वितरण समारोह, वि.सं. २०७१*

नेपाल सरकार र विश्व ग्रामीण मञ्चको आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामीण तथा शहरी क्षेत्रका धेरै कृषक परिवारहरूको सहभागितामा सम्पन्न विभिन्न कार्यक्रम सफल भएका छन् । यी कार्यक्रमहरू पारिवारिक खेती सम्बन्धी वकालत, पैरवी, कृषक स्तरमा निरन्तर योजना तर्जुमा, अभिमुखीकरण, तालिम र क्षमता विकास कार्यहरू भइरहेका छन् ।



*चित्र १७ : पारिवारिक खेती २०१४ का झलकहरु*

साधारण परिवारहरूलाई , करेसाबारी, तरकारी खेती, कौशी खेती, बोरा तथा बोतल खेती, गमला खेती, जैविक उत्पादन र बजारीकरण आदिका बारेमा जानकारी गराउँदै कुनै पनि जमिन बाँझो र अनुत्पादक नराख्न प्रोत्साहित गरिँदै आएको छ । यस्ता गतिविधिले ग्रामीण र शहरी दुवै क्षेत्रमा युवा तथा महिलाहरूलाई केहि हदसम्म पारिवारिक खेतीमा सक्रिय राख्दै आएको छ ।



*चित्र १८ : स्याउ तथा खुर्पानी प्रशोधन केन्द्र, पारिवारिक खेती कार्यक्रम, सन् २०१७*



*चित्र १९ : पारिवारिक खेती कार्यक्रम अन्तरगत युवा कृषि अनुदान वितरण, सन् २०१४*

# गतिविधिहरूको समयरेखा

**गतिविधिहरू**

## २०१४
- ❖ राष्ट्रिय र जिल्ला स्तरमा अभिमुखीकरण
- ❖ करेसा बारी, तरकारी खेती, कौसी खेती तालिमहरू
- ❖ 'व्यवसायिक पारिवारिक खेती' सम्बन्धी तालिम
- ❖ युवा कृषि अनुदान कार्यक्रम
- ❖ पारिवारिक खेतीमा अन्तरक्रिया र गोष्ठी
- ❖ मलबीउ वितरण
- ❖ अन्तर्वाताहरु, अभिमुखीकरण, प्रचार प्रसार, त्याली, ज्याकेट वितरण
- ❖ करेसाबारी नभएकाहरुका लागि छतमा कौसी खेती गर्न घरधुरीलाई गमला खरीद गर्न नगद सहयोग
- ❖ अनुगमन तथा मूल्याङ्कन

## २०१५
- ❖ 'व्यवसायिक पारिवारिक खेती' सम्बन्धी तालिम
- ❖ पारिवारिक खेतीमा अन्तरक्रिया र गोष्ठी
- ❖ अनुगमन तथा मूल्याङ्कन

## २०१६
- ❖ युवा कृषि अनुदान कार्यक्रम
- ❖ सामूहिक नर्सरी स्थापना
- ❖ नर्सरी खेती व्यवस्थापन सम्बन्धि तालिम
- ❖ पारिवारिक खेती सम्बन्धी प्रशिक्षणहरु
- ❖ अनुगमन तथा मूल्याङ्कन

## २०१७
- ❖ मुस्ताङको मार्फामा **स्याउ तथा खुर्पानी प्रशोधन इकाई** स्थापना
- ❖ युवा कृषि अनुदान कार्यक्रम
- ❖ व्यवसायिक नर्सरी स्थापना
- ❖ अनुगमन तथा मूल्याङ्कन

## २०१८ - २०१९
- ❖ UNDFF द्वारा **राष्ट्रिय कार्य योजनाको स्वीकृति** (१० वर्षे अभियान)
- ❖ ७ भर्चुअल पारिवारिक खेती अभिमुखीकरण तथा तालिमहरू
- ❖ अनुगमन तथा मूल्याङ्कन

- ❖ राष्ट्रिय र जिल्ला स्तरमा अभिमुखीकरण
- ❖ पारिवारिक खेती सम्बन्धी तालिम
- ❖ बजारिकरणका लागि **किसानको पोको** सहकारी पसल स्थापना
- ❖ अनुगमन तथा मूल्याङ्कन

## २०२०/२१
- ❖ तालिमहरू:
  - ❖ बीउ उत्पादन तालिम
  - ❖ माटो परीक्षण (प्रशिक्षण र अभियान)
- ❖ नर्सरीको स्थापना तथा साना किसानलाई २२,९२६ बिरुवा वितरण
- ❖ ३ जिल्लामा कृषक पाठशाला सञ्चालन
- ❖ उचित आईपीएम र आधुनिक प्रविधिहरूयुक्त ३ मोडेल फार्महरू स्थापना
- ❖ **बजारिकरण:** अकबरे खुर्सानीको बीउ
- ❖ न्यूनतम समर्थन मूल्यमा धान खरिद ( ५०,००० मेट्रिक टन)
- ❖ लकडाउनको समयमा कृषि एम्बुलेन्स सेवाहरू सञ्चालन
- ❖ किसानको पोकोमार्फत ब ण
- ❖ चिया सम्बन्धित तालिम

**समस्या ⁄ चुनौतीहरू:**

पारिवारिक खेतीको अपरिहार्यताको बाबजुद यो अभियान तुलनात्मक रूपमा पछि परेको छ। पारिवारिक खेती कार्यक्रमका चुनौतीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ।

- खेतीयोग्य जमिन बाँझो रहनु
- जग्गा खण्डीकरण/घडेरीकरण
- गुणस्तरीय बीउ बिजन तथा कृषि सामाग्रीहरुको पहुँचमा कमि
- स्थानीय जातका/रैथाने बीउ बिजनहरु संरक्षण र सम्बधोनमा कमी।
- जलवायु परिवर्तन र प्राकृतिक प्रकोप
- किसानको बजार पहुँचमा कमी
- युवा पलायन हुनु
- बसाईसारई तथा सहरीकरण
- पारिवारिक खेती कार्यक्रम संचालन गर्नका लागि आर्थिक स्रोतको कमी
- पारिवारिक खेतीमा संलग्न साना किसानहरुको वित्तीय पहुँचमा कमि तथा कृषि विमामा पहुँचमा कमी

**कार्यदिशा**

नेपालको सन्दर्भमा पारिवारिक खेतीको विशिष्ठ स्थान रहेको छ। जमिन खण्डीकरण, युवा पलायन, प्राविधिक पछौटेपन र महिला श्रमभार जस्ता समस्या पारिवारिक खेतीका माध्यमबाट सजिलै हल गर्न सकिन्छ। नीतिगत रूपमा सम्बोधित "एक कृषि पारिवार, एक चक्लाबन्दी" को अभियानले खण्डीकरण मात्र रोकिने होइन कि खेतीयोग्य जमिन गैह्रकृषि उपयोगमा जाने समस्या पनि समाधान हुन्छ। यसका लागि परिवार भित्रको चक्ला जमिनलाई निश्चित अवधिसम्म पुस्तैनी चक्ला कायम राख्नका लागि नीतिगत र कार्यक्रमजन्य सम्बोधन हुन आवश्यक छ। कृषि परिवार हरूको सहकार्यमा खोलानाला, वनबनेलो, चौर, कुलो आदिको आलोपालो उपयोग र सामुहिक संरक्षणले पर्यावरण सन्तुलित हुन्छ। त्यस्तै कृषिवन कार्यक्रमलाई पारिवारिक खेतीका माध्यमबाट सञ्चालन गरी उनीहरूको आय वृद्धिका साथै पर्यावरणीय सन्तुलन समेत हासिल हुन्छ। हाम्रो सामुहिक परिवार खेतीको परम्परा चक्लाबन्दीमा समायोजित गर्दा युवा तथा महिला रोजगार बढ्ने र जीवनपृय जैविक खेती उब्जनीबाट आयस्रोत विस्तार भई ग्रामीण गरीबी हट्छ। त्यसैले पारिवारिक खेतीलाई अगाडि बढाउदा

मुलुककै हित हुने भएकोले माथि उल्लेखित कार्यहरूलाई प्राथमिकता दिई कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

पारिवारिक खेती दशक अन्तर्गत गरिने पारिवारिक खेती अभियानका गतिविधिहरू स्थानीय, प्रादेशिक र संघीय सरकार तथा सरोकारवाला निकायहरुको सहभागितामा सञ्चालन हुनु पर्ने देखिन्छ। यस अभियानले उत्पादन, उत्पादकत्व बृद्धि र स्वस्थ्य खानाको ब्यवस्थापन गर्न सकिने भएकाले यस कार्यक्रमलाई सम्बन्धित सबै निकायहरु बाट सञ्चालन गर्न/गराउन आवश्यक समन्वय हुनु पर्ने देखिन्छ।

यसबाहेक, UNDFF नेपाल कार्यक्रमको कार्यान्वयनका लागि साझा कार्ययोजनाहरू विकास भई अनुमोदन भएकाले स्वीकृत योजनाहरूको कार्यान्वयनमा सबै साझेदार निकायहरू लाग्न जरुरी छ। स्वीकृत राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न सात प्रदेश र ७५३ स्थानीय तहमा पारिवारिक खेतीसँग सम्बन्धित कार्यान्वयन समितिहरू गठन गर्न आवश्यक देखिन्छ। सबैतहको समन्वयमा विकास साझेदार संस्थाको सहयोगमा आवश्यक बजेट विनियोजन हुँदा कार्यक्रम थप प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ। त्यसका लागि निर्देशक समितिबाट निर्देशनमा समन्वय हुनु आवश्यक छ।

संघीय, प्रदेश, स्थानीय सरकार र सम्बन्धित सरोकारवाला निकायहरुले पारिवारिक खेतीका लागि विशेष बजेट विनियोजन गर्नुका साथै स्थानीय तहहरूबाट कृषि प्रधान वडाहरू, घरका करेशा तथा कौशीहरुमा पारिवारिक खेती विशेष कार्यक्रम सञ्चालन हुन आवश्यक देखिन्छ।

पारिवारिक खेतीको प्रावधनका लागि नागरिक सङ्गठनले महत्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य आजसम्म सञ्चालित गतिविधिहरूले र यस अभियानको निरन्तरताले देखाउँछ। नागरिक सङ्गठनले समुदायमा कुनै पनि नयाँ परिवर्तन स्थापना गर्न वा सूचना प्रवाह गर्न प्रमुख भूमिका निर्वाह गर्दछ। सरकार संग हातेमालो गदैं नागरिक सङ्गठनहरुद्धारा गठित संघ संस्थाहरुले यस अभियानबाट थप सेवा पुऱ्याउन सक्दछन्। नागरिक सङ्गठन र सरकार मिलेर आफ्ना भूमिकाहरू निर्वाह गर्दै यो अभियानलाई द्रुतगतिमा अघि बढाई र लक्ष्य प्राप्ति गर्न सकिनेछ। पारिवारिक खेती दशकलाई सफल रुपमा संचालन गर्न संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा संघ संस्थाहरुको भूमिका निम्नानुसार रहेको छ।

**संघीय सरकार**

- पारिवारिक खेती कार्यक्रम २०१९-२८ लाई कार्यान्वयन गर्ने जिम्मेवारी र अधिकार दुवै संघीय सरकारमा निहित रहेको छ। यस कार्यक्रमको लागि संघीय सरकारले हरेक आर्थिक वर्षमा पारिवारिक खेती अभियानको कार्यक्रमलाई नै आवश्यकता अनुसार बजेट विनियोजन गर्नु आवश्यक छ।
- यसरी बजेट विनियोजन गर्दा प्रदेश तथा स्थानीय तह एवम् सम्बन्धित दात्री निकाय/सरोकारवालाहरूसँग पनि संयोजन गर्नु आवश्यक छ । जसले गर्दा आर्थिक लगानीका अभावले रोकिएका कामहरू सम्पन्न गर्न सहज हुन्छ।
- पारिवारिक खेती छुट्टै कार्यक्रम मात्र नभएर सरकारका विविध कार्यक्रमहरू अन्तर्गतनै समाहित हुँदै सञ्चालित हुने कार्यक्रमहरू हुन्। त्यसैले पन्ध्रौं योजना, कृषि विकास रणनीति, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य विविध आयोजना अन्तर्गत हुने कृषि विकास कार्यक्रमहरूमा पारिवारिक खेतीलाई समायोजन गर्दा यस्ता कार्यक्रमहरू वास्तविक किसान परिवारहरू समक्ष पुग्ने हुँदा कार्यक्रमको प्रभावकारिता र उत्पादन वृद्धिमा सहयोग पुग्नेछ।

**प्रदेश सरकार**

- प्रदेश तहमा पनि प्रदेश स्तरीय निर्देशक समिति र कार्यान्वयन समिति बनाई उक्त समितिहरुको आवश्यकतानुसार नियमित बैठकहरु बसि कामको समिक्षा, अनुगमन र प्रतिवेदनहरु तयार गरी केन्द्रीय सचिवालयमा पठाउने ब्यवस्था मिलाउनु आवश्यक देखिन्छ।
- हरेक आर्थिक वर्षमा पारिवारिक खेती अभियानको कार्यक्रमलाई नै तोकेर निश्चित बजेट विनियोजन हुन उपयुक्त देखिन्छ।
- प्रदेश स्तरमा संचालित विविध कृषि विकास कार्यक्रमहरुमा पारिवारिक खेतीलाई एकाईका रूपमा कार्य सञ्चालन गर्ने निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयन हुन आवश्यक देखिन्छ।
- सामाजिक विकासका पूर्वाधारहरू विकास गर्दै सामाजिक जनचेतना, सामाजिक सुरक्षा र उद्यमशीलता विकासका कार्यक्रमहरू योजना गर्नु प्रादेशिक सरकारको दायित्व भित्रपर्ने भएकाले हरेक प्रदेश सरकारले आफ्नो क्षेत्रमा पारिवारिक खेती कार्यक्रम कार्यान्वयन गर्नका लागि बजेट व्यवस्थापन गरी कार्यान्वयनमा सहज

वातावरण बनाउन उपयुक्त हुन्छ ।

- स्थानीय तहहरूलाई समेत पारिवारिक खेती कार्यक्रम सञ्चालन गराउन सहयोग भूमिका रहने छ ।
- बजेट कार्यान्वयन गर्न सक्रिय रूपमा कृषि क्षेत्रमा विशेष योगदान पुऱ्याइरहेका सरकारका साझेदार संघ संस्थाहरू, साना किसान कृषि सहकारी संस्थाहरू, कृषि सहकारीहरू, किसानहरूद्वारा गठित संघ, महासंघ, कृषक समूह महासंघ र सोको सञ्जाल मार्फत् कार्यक्रम कार्यान्वयन गर्दा सरकारलाई प्रगति हासिल गर्न सहज हुने भएकाले उपरोक्त निकायहरुको सहकार्यमा कार्यक्रम संचालन गर्ने ब्यवस्था मिलाउन उपयुक्त हुनेछ ।
- पारिवारिक खेती दशकका प्रमुख सात स्तम्भहरुमा आधारित स्वीकृत कार्ययोजनामा उल्लेख भएका कार्यक्रमहरु कार्यान्वयन गर्दै जाने व्यवस्था हुन उपयुक्त हुनेछ ।

**स्थानीय तह**

- स्थानीय तहमा पनि पारिवारिक खेती दशक कार्यान्वयन समिति बनाई उक्त समितिको आवश्यकतानुसार नियमित बैठकहरु बसि कामको समिक्षा, अनुगमन र प्रतिवेदनहरु तयार गरी केन्द्रीय सचिवालय तथा प्रदेशमा यस हाते पुस्तिकाको अनुसुचि २ अनुसारको ढाँचामा पठाउने ब्यवस्था मिलाउनु उपयुक्त हुन्छ ।
- स्थानीय तहहरुले कृषि क्षेत्रको बजेट तर्जुमा गर्दा यस अभियानको कार्ययोजनामा भएका लक्षित गतिविधिहरू ध्यानमा राखेर पारिवारिक खेती कार्यक्रमका लागि छुट्टै बजेट व्यवस्था गरी यस अभियानको प्रवर्द्धनका साथै कार्यान्वयन गर्ने गराउने भूमिका निर्वाह हुन उपयुक्त देखिन्छ ।
- स्थानीय सरकारले पालिका अन्तर्गतका कृषि परिवारहरूको अभिलेख राखी उनीहरूको खेती व्यवसाय अनुसारका आवश्यकताको आधारमा सहयोग गरी हरेक कृषि परिवारका समस्या, आवश्यकता र उनीहरूका कृषि व्यवसायिकतालाई सम्बोधन गर्न पारिवारिक खेती प्रणालीको उपयोग गर्दै पालिकाको कृषि विकास कार्यक्रम व्यवस्थित गरी अगाडी बढ्न उपयुक्त हुने देखिन्छ ।
- यसका साथै वीमा कार्यक्रम, सहकारीहरू, लघुवित्त, बाह्य सहयोग सबैलाई पारिवारिक खेतीसँग संयोजन गर्न सकिन्छ । त्यसरी नै कृषि क्षेत्रसँग सम्बद्ध

गैह्रसरकारी संस्थाहरूबाट स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा पालिका अन्तर्गतका पारिवारिक खेती एकाईहरूसँग सम्बद्ध रहँदै काम गर्ने गराउने व्यवस्था मिलाउन आवश्यक देखिन्छ।

- स्थानीय तहका वडाहरुमा पारिवारिक खेती अवलम्बन गर्ने कृषकहरूलाई स्थानीय बीउ, मलखाद, प्रविधि र अनुदान आदि उपलब्ध गराउदै जानु आवश्यक देखिन्छ।
- स्थानीयरूपमा उत्पादित बीउ, मलखाद आदिमा सहुलियत दिदै उत्पादित सामग्रीहरूको सहकारी मार्फत् बजारीकरण गर्न सहयोगी भूमिकामा रहन उपयुक्त हुनेछ।

**संघ संस्थाहरू**

- पारिवारिक खेतीमा संलग्न सबै संघ/संस्थाहरूले आफ्नो अद्यावधिक योजना बनाउँदा छुट्टै पारिवारिक खेती शीर्षक राखी पारिवारिक खेती कार्यक्रमका लागि कार्यक्रम तथा बजेट तर्जुमा गर्न उपयुक्त हुनेछ।
- नियमित कार्यक्रमहरूमा पनि पारिवारिक खेती संग सम्बन्धित क्रियाकलाप भए गरेको भएमा सो को प्रगति केन्द्रीय सचिवालय र प्रदेश सरकारबाट बनाइएको सचिवालयमा पठाउने व्यवास्था हुन उपयुक्त हुनेछ।
- पारिवारिक खेती कार्यक्रमको प्रचारप्रसारमा सहायेग पुर्‍याउन अग्रसत देखाउन उपयुक्त हुनेछ।

**केन्द्रीय सचिवालय**

- राष्ट्रिय कार्यान्वयन समिति र राष्ट्रिय निर्देशक समितिको नियमित वैठक राखी सरोकारवाला निकायहरु मार्फत पारिवारिक खेती कार्यक्रम संग सम्बन्धित कामहरुको प्रगति समिक्षा गर्ने।
- संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह, संयुक्त राष्ट्रसंघका निकायहरु, संघ संस्था, सहयोगी निकायसँग सम्बन्ध स्थापित गर्ने तथा कार्यक्रम संग सम्बन्धित प्रस्तावहरू पेश गर्ने।
- राष्ट्रिय रूपमा गरिएका कामको प्रगति संयुक्त राष्ट्रसंघका निकायहरु र पारिवारिक खेती दशक, अन्तर्राष्ट्रिय संयोजकको सचिवालय विश्व ग्रामिण मञ्चमा पठाउने।

- प्रदेश सरकार, स्थानीय तहहरुसंग समन्वयका साथै संघ संस्था तथा सरोकारवाला निकायहरूले गरेका कामको अनुगमन तथा मूल्याङ्कन गरी निर्देशक समितिमा पेश गर्ने । सरोकारवाला निकायहरुले गरेका कामको प्रगति अनुसुचि २ मा उल्लेख भए अनुसारको ढाँचामा पठाउन अनुरोध गर्ने ।
- पारिवारिक खेतीको प्रचारप्रसार गर्ने ।
- पारिवारिक खेतीको लागि तयार भएको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने गरी कार्यक्रमहरू संचालन गर्ने ।
- कार्यक्रम सञ्चालनको लागि आन्तरिक कोषको व्यवस्थापनका साथै अन्य स्रोतहरु खोजी गरी व्यवस्था गर्ने ।

# अनुसूची १: पारिवारिक खेती दशकका स्तम्भमा आधारित राष्ट्रिय कार्ययोजना

रू.हजारमा

| क्र. स. | क्रियाकलापहरू | लक्ष्य | समय रेखा (वर्ष) | Output Indicator | Outcome Indicator | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| **स्तम्भ १: पारिवारिक खेती अभियानलाई सशक्त बनाउन सो सँग सम्बन्धित नीति/नियम तर्जुमा गर्न अनुकूल वातावरणको सृजना गर्ने।** | | | | | | | |
| १.१ | पारिवारिक खेती सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रहेका नीति नियमहरूका बारे सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने। | ७ वटा | २०२२ | २१० जना सहभागीहरूले पारिवारिक खेती सम्बन्धी नीति नियमहरूको बारेमा जानकारी प्राप्त गर्नेछन्। | दिगो विकास प्राप्तिका लागि पारिवारिक खेती कार्यक्रमको विविध तथा बहुआयामिक योगदानलाई सहयोग गर्न राजनैतिक तथा आर्थिक र वित्तिय प्रतिवद्धता र सार्वजनिक सचेतनामा वृद्धि भएको हुनेछ। | १००० | कार्यान्वयन समिति<br>सहयोगी निकाय |
| १.२ | पारिवारिक खेती क्षेत्रीय (साउथ ईष्ट एसिया) कार्यालय नेपालमा राख्न पहल गर्ने। | १ वटा | २०१९-२०२३ | पारिवारिक खेती दशक क्षेत्रीय कार्यालय नेपालमा स्थापना गर्न सम्बन्धित निकायहरुमा अनुरोध हुनेछ। | | - | सचिवालय |
| १.३ | पारिवारिक खेतीको नीति नियमसँग सम्बन्धित स्रोत सामाग्रीहरूको तयारी तथा वितरण गर्ने। | ३००० वटा | २०२१-२०२२ | विभिन्न प्रकारका नीति नियम सम्बन्धी स्रोत सामाग्रीहरू प्रकाशन तथा वितरण हुनेछन्। | | १००० | सचिवालय<br>सहयोगी निकाय |
| १.४ | केन्द्रीय स्तरमा अन्तर्राष्ट्रिय परिवारिक खेती दशक र यसमा सरकार र अन्य सरोकारवालाहरूको नीतिगत भुमिका सम्बन्धी एक दिने कार्यक्रम। | १ वटा | २०२२ | ५० जना सहभागीहरूले पारिवारिक खेती दशक र सरोकारवालाहरूको नीतिगत भूमिकाका बारेमा जानकारी प्राप्त गर्नेछन्। | | १५० | सचिवालय<br>सहयोगी निकाय |
| १.५ | प्रादेशिक स्तरमा अन्तर्राष्ट्रिय परिवारिक खेती वर्ष र यसमा सरकार र अन्य सरोकारवालाहरूको नीतिगत भुमिका सम्बन्धी एक दिने कार्यक्रम। | ७ वटा | २०२२-२०२३ | २१० जना सहभागीहरूले पारिवारिक खेती दशक र सरोकारवालाहरूको नीतिगत भूमिकाका बारेमा जानकारी प्राप्त गर्नेछन्। | | ७०० | सचिवालय<br>प्रदेश सरकार<br>स्थानीय सरकार<br>सहयोगी निकाय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.६ | प्रत्येक वर्ष अक्टोवरमा राष्ट्रिय तथा प्रादेशिक स्तरमा विश्व खाद्य दिवस मनाउन मन्त्रालयहरु संग सहकार्य गर्ने । | ९ वटा | २०१९-२०२८ | वार्षिक रूपमा १००० जना विश्व खाद्य दिवस कार्यक्रममा सहभागी हुनेछन् । | | | कृषि विभागको समन्वयमा विभिन्न निकायहरुले आ-आफ्नो स्थानमा |
| **स्तम्भ २: परिवारिक खेती अभियानलाई दिगो रूपमा अगाडी बढाउन युवा पिडीलाई विभिन्न स्रोत र साधनमा पहुँच पुऱ्याउन सहयोग गर्ने ।** | | | | | | | |
| २.१ | युवाहरूका लागि कृषि सँग सम्बन्धित तालिम सञ्चालन गर्ने । | ५०,००० युवाहरू | २०२०-२०२८ | वार्षिक रूपमा ५,५०० युवाहरूलाई उन्नत खेती प्रविधि, पशुपालन, मौरी पालन, माछा पालन, दुग्ध जन्य, नगदेवाली, पोष्ट हार्भेष्ट, एकिकृत शत्रुजीव व्यवस्थापन, प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोग लगायतका विषयमा जानकारी प्राप्त गर्ने छन । | ग्रामीण क्षेत्रमा रोजगारी श्रृजना गर्दै ग्रामीण भेगबाट शहरमा हुने युवा पलायन कम भएको हुनेछ । साथै, परम्परागत ज्ञानलाई नयाँ समाधान सहितको नविनतम अभ्यासमा युवा किसानहरूको क्षमता अभिबृद्धि भएको हुनेछ । | ५०००० | संघ तथा प्रदेशमा रहेका कृषि तालिम निकायले गर्ने (नियमित कार्यक्रम) |
| २.२ | युवाहरूलाई सहयोग तथा प्रर्वद्धन गर्ने स्थानीय नीतिहरूको बारे जानकारी गराउने र ग्रामीण क्षेत्रमा रहेका संघ संस्थाहरूमा युवाहरूको संलग्नता बढाउने । | ५०,००० युवाहरूमा नेतृत्व विकास | २०२०-२०२८ | वार्षिक रूपमा २५०० युवाहरूलाई स्थानीय नीति (युवाहरूलाई सहयोग र प्रवर्द्धन गर्ने) को बारेमा जानकारी प्राप्त गर्नेछन र स्थानीय संघ संस्थाहरूमा युवाहरूको संलग्नता वृद्धि हुनेछ । | | ५०० | सचिवालय / विद्यमान कृषि तालिम केन्द्रहरुको भूमिका पनि रहनु पर्ने |
| २.३ | युवा किसानहरूका लागि उद्यमशीलता विकास तालिमको आयोजना गर्ने । | १००० जना | २०२०-२०२५ | आगामी ५ वर्षमा वार्षिक २०० युवाहरूलाई उद्यमशीलता विकासको तालिम प्रदान गरिनेछ । | | १००० | सचिवालय / विद्यमान कृषि तालिम केन्द्रहरुको भूमिका पनि रहनु पर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.४ | कृषिसँग सम्बन्धित विभिन्न प्रविधीहरूको अवलोकनका लागि राष्ट्रिय तथा अन्तर राष्ट्रिय स्तरमा अवलोकन भ्रमणको आयोजना गर्ने । | २००० जना | २०२०-२०२६ | वार्षिक रूपमा ४०० युवाहरू कृषि सँग सम्बन्धित प्रविधिहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलोकन भ्रमण गर्नेछन् । | | १००० | सचिवालय |
| २.५ | कृषि मूल्य श्रृंखला सम्बन्धी तालिम आयोजना गर्ने । | २००० जना | २०२०-२०२८ | वार्षिक रूपमा २२५ युवाहरूले कृषि मूल्य श्रृङखला सम्बन्धी तालिम प्राप्त गर्नेछन् । | | १००० | सचिवालय |
| २.६ | कृषि तथा पशुपालनको लागि सुलभ कर्जामा युवाहरूको पहुँच वृद्धि गरी स्थानीय स्तरमा रोजगारीको सृजना गर्ने । | ५०००० जना | २०२०-२०२८ | वार्षिक रूपमा ५५००भन्दा बढी युवाहरूले कृषि तथा पशुपालनको लागि शुलभ कर्जा प्राप्त गरी स्वरोजगार हुनुका साथै स्थानीय स्तरमा रोजगारीको श्रृजना हुनेछन । | | बैंक वित्तिय संस्थासँग समन्वय गरि निश्चित गर्नुपर्ने | सचिवालय |
| २.७ | प्रविधिमैत्री व्यवसाय सुचारु गर्न अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने । (सरकारी निकाय, युवा, कृषि सामाग्री आपूर्तिकर्ताहरू, अनुसन्धानकर्ताहरूका बीचमा) | १४ वटा | २०२०-२०२५ | ४२० जना सहभागीहरू सहभागी भई प्रविधि मैत्री व्यवसाय सुचारु गर्ने सम्बन्धी अन्तर्क्रियामा सहभागी हुनेछन् । | | | सचिवालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.८ | स्थानीय सरकारहरूसँगको सहकार्यमा सामुदायिक वनको खाली जमिन, पर्ति, सार्वजनिक, ऐलानी तथा नदी उकासका जग्गाहरूमा कृषि कार्य सञ्चालन गरिनेछ। विदेशबाट फर्केका तथा बेरोजगारहरूलाई प्राथमिकतामा राखी कार्य गरिनेछ। | ५००० जना लाभान्वित | २०२०-२०२५ | ५००० जना युवाहरूले स्थानीय निकायहरूसँगको सहकार्यमा सामुदायिक वनको खाली जमिन, पर्ति, सार्वजनिक, ऐलानी तथा नदी उकासका जग्गाहरूमा कृषिकार्य सञ्चालन गर्नेछन्। | | ५०० | स्थानीय तह सचिवालय |
| २.९ | स्थानीय स्तरमा उत्पादित कृषि उपजहरूको सुरक्षित भण्डारणको (खाद्य तथा तरकारीजन्य) व्यवस्था गर्ने। | ५०० सहकारीमा | २०२०-२०२८ | किसानहरूको उत्पादन भण्डारणका लागि प्रत्येक वर्ष ५५ वटा सहकारीहरूमा कृषि उपजहरूको सुरक्षित भण्डारणको व्यवस्था हुनेछ। | | ५०००० | नेपाल सरकारका विभिन्न निकाय संघ, प्रदेश र स्थानीय तह |
| २.१० | पारिवारिक खेती कार्यक्रममा संलग्न साना किसानहरूलाई यान्त्रिकरणको माध्यमबाट साना कृषि व्यवसाय समयमा नै गर्न सहयोग गर्ने गरी सम्बन्धित संस्थाहरूलाई परिचालन गरिनेछ। | २०००० जना लाभान्वित | २०२०-२०२८ | वार्षिक २५०० किसानहरू साना कृषि यान्त्रीकरणको प्रयोगबाट लाभान्वित हुनेछन्। | | १० वटा Agri-mart hub | सहयोगी निकायहरु |
| २.११ | CTEVT सँग सम्बन्धन लिई नेपाल कृषि सहकारी केन्द्रीय संघको तालिम केन्द्र मार्फत L1 प्राविधिक तालिम प्रदान गर्ने। | प्रत्येक वर्ष ६०० जना | २०२०-२०२८ | वार्षिक रूपमा ६०० जना युवा कृषकहरूले L1 तहका प्राविधिक तालिम प्राप्त गर्नेछन। | | ५००० | CTEVT सचिवालय, स्थानीय तह |
| **स्तम्भ ३ पारिवारिक खेतीमा लैङ्गिक समताको प्रर्वद्धन गर्ने र ग्रामीण महिलाहरूको नेतृत्व विकासमा सहयोग पुर्‍याउने।** | | | | | | | |
| ३.१ | विभिन्न निकायहरूसँग रहेका लैङ्गिक समानता सम्बन्धी नीति नियमहरू अध्ययन गरी सोमा परिमार्जन गर्न सुझाव प्रदान गर्ने। | प्रत्येक वर्ष ५ वटा | २०२०-२०२४ | वार्षिकरूपमा लैङ्गिक समानता सम्बन्धी ५ वटा नीति नियमहरू अध्ययन गरी सुझाव प्रदान गरिनेछ। | ग्रामीण महिलाहरूको पहिचान तथा स्रोतको पहुँचमा वृद्धि भएको हुनेछ। | ५०० | सचिवालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२ | केन्द्रीय तथा स्थानीय सरकारसँग ग्रामीण महिलाहरूका लागि विभिन्न प्रकारका क्षमता विकास सम्बन्धी कार्यक्रमका लागि पैरवी गर्ने । | २४ वटा कार्यक्रम | २०२२-२०२६ | GESI तालिम, महिला सचेतना अभिवृद्धि कार्यक्रम लगायत ग्रामीण महिलाहरूको क्षमता विकासका लागि वार्षिकरूपमा ८ वटा कार्यक्रम मार्फत् २४० महिलाहरूको क्षमता विकास हुनेछ । | | २५०० | प्रदेश तथा स्थानीय तह |
| ३.३ | स्रोतहरूमा (आर्थिक, सामाजिक, राजनैतिक, भूमि स्वामित्व) महिलाहरूको पहुँच र नियन्त्रण बढाउने किसिमका कृयाकलापहरूको प्रर्वद्धन गर्ने । | २४ वटा कार्यक्रम | २०२०-२०२६ | महिलाहरूको पहुँच र नियन्त्रण बढाउने किसिमका क्रियाकलापहरू वार्षिक रूपमा ५ वटा सञ्चालन गरिनेछ । | | २४०० | सचिवालय, स्थानीय तह |
| ३.४ | पारिवारिक खेती सम्बन्धी हुने सबै कार्यक्रमहरूमा कम्तिमा ५० प्रतिशत महिला सहभागिताको सुनिश्चितता गर्ने । | ५० प्रतिशत महिला सहभागिता | २०२०-२०२८ | पारिवारिक खेती दशक सम्बन्धित सबै कार्यक्रमहरूमा ४० प्रतिशत महिलहरूको सहभागिता हुनेछ । | | | सबै सरोकारवालाहरु |
| **स्तभ ४ पारिवारिक खेती अभियानमा संलग्न संघ/संस्थाहरूको क्षमता वृद्धी गरी किसानहरूका विभिन्न मुद्दामा स्थानीयदेखि राष्ट्रिय स्तरसम्म प्रतिनिधित्व गर्न र ग्रामीण क्षेत्रमा समावेशी सेवा उपलब्ध गराउनका लागि ती संस्थाहरूको सवलीकरणमा सहयोग गर्ने ।** | | | | | | | |
| ४.१ | संस्थागत विकास, संस्था व्यवस्थापन, स्रोत परिचालन, आदि जस्ता विषयहरूमा पारिवारिक खेतीमा सलङ्गन संस्थाहरूको क्षमता विकास गर्ने । | ५० वटा | २०२२-२०२४ | आगामी २ वर्षमा पारिवारिक खेतीसँग सरोकार राख्ने ५० वटा संस्थाहरूको क्षमता विकास हुनेछ । | नीति निर्माण तथा निर्णय प्रक्रियामा पारिवारिक किसानहरूको सहभागिता सुनिश्चित भएको हुनेछ । | ५०० | सचिवालय, प्रदेश तथा स्थानीय तह |
| ४.२ | अन्तर्राष्ट्रिय पारिवारिक खेती कार्यक्रम +१० को राष्ट्रिय कार्यान्वयन समितिलाई संस्थागत विषयहरूमा सशक्त बनाउन कार्यशाला आयोजना गर्ने । | १ वटा कार्यक्रम | २०२०-२०२३ | राष्ट्रिय कार्यान्वयन समितिलाई संस्थागत विषयहरूमा सशक्त बनाउन एक कार्यशालाको आयोजना गरिनेछ । | | ४०० | सहयोगी निकाय सचिवालय, प्रदेश तथा स्थानीय तह |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३ | किसानहरूको पैरवीका लागि परामर्श सम्बन्धी औजार (FACT) सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना गर्ने। | १४ वटा तालिम | २०२०-२०२५ | किसानहरूको पैरवीका लागि आगामी वर्षहरूमा परामर्श सम्बन्धी औजार तालिमको १४ वटा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिनेछ। | | १५०० | सहयोगी निकाय सचिवालय, प्रदेश तथा स्थानीय तह |
| **स्तम्भ ५ पारिवारिक कृषकहरू, ग्रामीण भेगका घरघुरीहरू र समुदायहरूको आर्थिक समाजिक समावेशीकरणमा सुधार गरी उनीहरूको जिविकोपार्जनमा सुधार ल्याउने।** | | | | | | | |
| ५.१ | ग्रामीण किसान, कृषि उपज बिक्रेता र अनुसन्धान कर्ताहरू बीच अन्तरकृया कार्यक्रमको आयोजना गर्ने। | प्रत्येक वर्ष कम्तिमा ८ वटा (१ केन्द्र र ७ प्रदेश) कार्यक्रम | २०२०-२०२८ | केन्द्रीय स्तरमा १ र प्रादेशिक स्तरमा ७ वटा गरी वार्षिक रूपमा ८ वटा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिनेछ (ग्रामीण किसान, कृषि उपज बिक्रेता र अनुसन्धानकर्ता बीचमा)। यसबाट वार्षिक रूपमा ३०० जनाभन्दा बढी लाभान्वित हुनेछन्। | ग्रामीण क्षेत्रमा रहेका विभिन्न सरोकारवाला निकायहरू बीच सहकार्य बढेको हुनेछ र उपभोक्ता, किसानहरू, कृषि उपज बिक्रेता र अनुसन्धान केन्द्रहरू बीच सम्बन्ध सुदृढ भएको हुनेछ। तुलनात्मक रूपमा लाभदायक कृषि अभ्यासहरू र बजारको सुनिश्चिततामा ग्रामीण पारिवारिक किसानहरूको पहुँचमा वृद्धि भएको हुनेछ। | ८०० | स्थानीय तह तथा प्रदेश<br>सहयोगी निकाय सचिवालय |
| ५.२ | कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्ने। | प्रत्येक वर्ष ५० वटा | २०२०-२०२८ | वार्षिक ५० वटा कृषक पाठशाला मार्फत ५०० कृषकहरू लाभान्वित हुनेछन्। | | ५०० | सहयोगी निकाय सचिवालय |
| ५.३ | कृषकहरूलाई प्राङ्गारिक खेती प्रणाली सम्बन्धी तालिम प्रदान गर्ने। | ३० वटा | २०२०-२०२७ | ३० वटा प्राङ्गारिक खेती प्रणाली सम्बन्धी तालिम मार्फत जम्मा १००० कृषकहरू लाभान्वित हुनेछन्। | | ३०० | सहयोगी निकाय सचिवालय |
| ५.४ | समूह/सहकारी खेतीको विस्तार गर्ने। | प्रत्येक वर्ष ५ वटा सहकारीमा | २०२०-२०२८ | प्रत्येक वर्ष ५ वटा सहकारीहरूमा समूह/सहकारी खेतीको विस्तार गरी वार्षिक रूपमा ५०० कृषकहरू लाभान्वित हुनेछन्। | | | सरकारी सहयोगी निकाय<br>प्रधानमन्त्री कृषी आधुनिकिरण परियाजना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.५ | कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि डिप बोरिङ्ग, लिफ्ट सिञ्चाइ, सोलार सिञ्चाइ, सहकारी सिञ्चाइ जस्ता कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने । | १०००० किसान लाभान्वित | २०२०-२०२८ | विभिन्न निकायहरूसँगको सहकार्यमा डिप बोरिङ्ग, लिफ्ट सिञ्चाई, सोलार सिञ्चाई, सहकारी सिञ्चाई जस्ता कार्यक्रमहरू सञ्चालन गरी वार्षिक रूपमा ११०० जनाभन्दा बढी कृषकहरू लाभान्वित हुनेछन् । | | | सचिवालय |
| **स्तम्भ ६ वातावरण अनुकूल खाद्य प्रणालीका लागि दिगो पारिवारिक खेती प्रबर्द्धन गर्ने ।** | | | | | | | |
| ६.१ | तालिम तथा सचेतनामूलक कार्यक्रमहरू मार्फत शहरी कृषि, गमला खेती, कौशी खेती, करेशावारीमा खेती गर्दै शहरी हरियालीको प्रवर्द्धन गर्ने तथा विषादी रहित खाद्य सुनिश्चितता गर्ने । | १००००० जना लाभान्वित | २०२०-२०२८ | शहरी हरियालीको प्रवर्द्धन तथा विषादी रहित खाद्य सुनिश्चितता गर्न वार्षिक रूपमा ११००० घरधुरीहरू शहरी कृषि, गमला खेती, कौशी खेती, करेशावारीमा खेती लगायतका क्रियाकलापहरू मार्फत लाभान्वित हुनेछन् । | पर्यावरणको संरक्षण तथा जलवायु परिवर्तनलाई अवलम्बन गरी किसानहरूको क्षमता वृद्धि गर्न दिगो खाद्यान्न उत्पादन र समयानुकुल कृषि प्रणालीको अवलम्बन भएको हुनेछ । | २००० | सहयोगी निकाय प्रदेश तथा स्थानीय तह सचिवालय |
| ६.२ | सहकारी मार्फत स्थानीय बीउहरूको संरक्षण तथा प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण गर्न साना साना बीउ बैङ्कहरूको स्थापना गर्ने । | १०० सहकारी संस्थाहरूमा | २०२०-२०२८ | प्रत्येक वर्ष ११ वटा सहकारीहरू मार्फत स्थानीय बीउहरूको संरक्षण तथा प्रवर्द्धन गर्न साना साना बीउ बैङ्कहरूको स्थापना गरी ११००भन्दा वढी कृषकहरू लाभान्वित हुनेछन् । | | ५००० | सहयोगी निकाय प्रदेश तथा स्थानीय तह सचिवालय |
| ६.३ | कृषि वनको प्रवर्द्धन गर्ने । | १०० सहकारी संस्थाहरूमा | २०२०-२०२८ | कृषि वनको प्रवर्द्धन मार्फत वार्षिक रूपमा ११ सहकारी मार्फत १५००भन्दा बढी घरधुरीहरू लाभान्वित हुनेछन् । | | | सरकारी स्थानीय तह |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.४ | समूह/सहकारी मार्फत समूह/सहकारी पसलको प्रवर्द्धन गर्ने, किसानको पोको (सहकारी पसल) को विस्तार गर्ने र स्थानीय रूपमा उत्पादन हुने कृषि उपजहरूको थोक तथा खुद्रा बजारीकरण गर्ने। | ३२ स्थानमा (केन्द्रमा १०, प्रदेशमा ७ र जिल्लाहरूमा १५) | २०२०-२०२८ | देशका विभिन्न ३२ स्थानहरूमा सहकारी पसल (किसानको पोको) कार्यक्रम विस्तार भई ३२०० भन्दा वढी किसानहरू द्धारा उत्पादित स्थानीय कृषि उपजहरूको बजार सुनिश्चित हुनेछ। | | | सरकारी स्थानीय तह सहयोगी निकाय |
| ६.५ | उपभोक्ताहरूमा स्थानीय उत्पादनका बारेमा सचेतना गराउने किसिमका सामाग्रीहरूको तयारी, प्रकाशन तथा वितरण गर्ने। | ५००० लाभान्वित | २०२०-२०२८ | विभिन्न सचेतनामूलक सामाग्रीहरूको प्रकाशन र वितरण पश्चात् वार्षिक रूपमा ६००भन्दा बढी उपभोक्ताहरू लाभान्वित हुनेछन्। | | ५०० | सचिवालय निकाय प्रदेश तथा स्थानीय तह |
| ६.६ | स्रोत केन्द्र (गाई, भैंसी, बाख्रा) को स्थापनाको लागि पहल गर्ने, तथा दूध सङ्कलन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गर्ने। | ७ स्थानमा | २०२१-२०२७ | देशका विभिन्न ७ स्थानहरूमा गाई, भैंसी, बाख्राको स्रोत केन्द्र, दुग्ध सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना हुनेछ। | | २००० | सरोकारवालाहरु सहयोगी निकाय प्रदेश तथा स्थानीय तह |
| ६.७ | स्थानीय प्रजातिका पशु पन्छीहरूको प्रवर्द्धन र संरक्षण गर्न पहल गर्ने। | ५० स्थानमा | २०२१-२०२६ | देशका विभिन्न ५० स्थानहरूमा स्थानीय प्रजातिका पशु पन्छीहरूको प्रवर्द्धन र संरक्षण हुनेछ। | | १००० | सहयोगी स्थानीय प्रदेश सचिवालय |
| ६.८ | मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | ५००० जना लाभान्वित | २०२१-२०२६ | मौरी प्रवर्द्धन कार्यक्रम मार्फत् वार्षिक रूपमा १०००भन्दा बढी मौरीपालक किसानहरू लाभान्वित हुनेछन्। | | | सरोकारवालाहरु सचिवालय |
| ६.९ | विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गरी स्थानीय रूपमा उत्पादित सामाग्रीहरू प्रवर्द्धन गर्न कृषि प्रदर्शनी सञ्चालन गर्ने। | प्रत्येक वर्ष १० स्थानमा | २०२२-२०२८ | वार्षिक रूपमा १० वटा स्थानमा कृषि प्रदर्शनी तथा स्थानीय सामाग्रीहरूको प्रवर्द्धन कार्यक्रम सञ्चालन हुनेछ। | | २०० | स्थानीय तथा प्रदेश तह सहयोगी निकायहरु सचिवालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.१० | चिया, कफी, अदुवा, बेसार, खुर्पानी, जडिबुटी, पशुपालन र जैविक उत्पादनलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने । | ५००० जना लाभान्वित | २०२१-२०२८ | चिया, कफी, अदुवा, बेसार, जडिबुटी, पशुपालन र जैविक उत्पादन प्रवर्द्धन कार्यक्रम मार्फत् वार्षिक रूपमा ७०० भन्दा बढी किसानहरू लाभान्वित हुनेछन् । | | | सरोकारवालाहरु<br>स्थानीय, प्रदेश<br>सरकार<br>सचिवालय |
| ६.११ | 'एक स्थानीय तह एक नर्सरी' स्थापना गर्न पहल गरी तरकारी तथा फलफूलको बेर्ना उत्पादन, बिक्री वितरणको व्यवस्था मिलाई बाह्य मुलुकबाट आउने बेर्नालाई प्रतिस्थापन गर्ने । | २०० स्थानमा | २०२१-२०२४ | देशका विभिन्न ५० स्थानहरूमा एक स्थानीय तह एक नर्सरी स्थापना कार्यक्रम सञ्चालन भई स्थानीय रूपमा नै तरकारी तथा फलफूलको बेर्ना उत्पादन र बिक्री वितरण गरिनेछ । | | १०००० | सरोकारवालाहरु<br>सहयोगी निकायहरु<br>स्थानीय तह<br>प्रदेश<br>सचिवालय |
| ६.१२ | गोठ सुधार गरी स्थानीय प्राङगारिक मल उत्पादनमा वृद्धि गर्ने । | ५०० स्थानमा | २०२१-२०२८ | वार्षिक रूपमा ६५ स्थानहरूमा गोठ सुधार गरी स्थानीय प्राङ्गारिक मल उत्पादनमा वृद्धि गरिनेछ । | | | सरोकारवालाहरु<br>सहयोगी निकायहरु<br>स्थानीय तह<br>प्रदेश<br>सचिवालय |
| ६.१३ | विभिन्न निक(ायहरूद्धारा गठित समूहहरू, नेपाल सरकारद्धारा स्थापित समूहहरूलाई कृषि सहकारीमा आवद्ध गराई ऋणमा पहुँच पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्ने । | प्रत्येक वर्ष १०० समूहहरू | २०२१-२०२८ | वार्षिक रूपमा १०० समूहहरूलाई सहकारीमा आवद्ध गराई किसानहरूको ऋणमा पहुँच वृद्धि गरिनेछ । | | | सचिवालय<br>सरोकारवालाहरु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.१४ | मौरी प्रशोधन केन्द्र स्थापना गरी स्तरीय मह उत्पादन तथा बिक्री वितरण गर्ने । | ७ प्रदेशमा | २०२१-२०२८ | देशका ७ प्रदेशमा मौरी प्रशोधन केन्द्रहरूको स्थापना गरी स्तरीय महको उत्पादन तथा बिक्री वितरण गरिनेछ । | | ३५० | सरोकारवालाहरु<br>सहयोगी निकायहरु<br>स्थानीय तह प्रदेश<br>सचिवालय |
| ६.१५ | घर, बगैंचा (फलफूल, तरकारी, फूल) कार्यक्रम प्रवर्द्धन गर्ने । | ५००० किसानलाई समावेश गर्ने | २०२०-२०२८ | प्रत्येक वर्ष ६०० घरधुरीहरूलाई सहभागी गराई फलफूल, तरकारी, फूलको बेर्ना वितरण मार्फत घर बगैञ्चा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । | | ५०० | सरोकारवालाहरु<br>सहयोगी निकायहरु<br>स्थानीय तह प्रदेश<br>सचिवालय |
| **स्तम्भ ७: पारिवारिक खेतीको बहुआयामिकतालाई सबलीकरण गरी जैविक विविधता, वातावरण र संस्कृतिलाई संरक्षण गर्दै क्षेत्रगत विकास र खाद्य प्रणालीमा योगदान पुर्‍याउन गर्न सामाजिक नविनतालाई प्रवर्द्धन गर्ने ।** | | | | | | | |
| ७.१ | पारिवारिक खेती, साना किसान, मत्स्य पालन, भूमिमा स्वामित्व, पशुपालन र मौरीपालनका क्षेत्रमा भईरहेका विभिन्न अध्ययन तथा अनुसन्धानहरूको खोज गरी सोको निष्कर्ष सरोकारवाला बीच आदानप्रदान गर्ने । | प्रत्येक वर्ष कम्तिमा ६ वटा | २०२०-२०२८ | पारिवारिक खेती, साना किसान, मत्स्यपालन, भूमिमा स्वामित्व, पशुपालन र मौरीपालनका क्षेत्रमा प्रत्येक वर्ष कम्तिमा ६ वटा खोज तथा अनुसन्धानका निष्कर्षहरू सरोकारवाला निकायहरूका बीचमा आदानप्रदान गरिनेछ । | सामाजिक नविनता र रोजगारीका अवसरहरूमा वृद्धि भई पारिवारिक खेतीका विविध पक्षहरू सुदृढ भएको हुनेछ । | ६०० | सहयोगी निकाय<br>सचिवालय |
| ७.२ | रैथाने बीउ र नश्लको संरक्षण तथा बजारीकरण गर्ने र बीउ बैङ्कको स्थापना गर्ने | ५०० किसानहरूको संलग्नता | २०२२-२०२८ | कम्तिमा ५ पालिकाका १० वटा संस्थाहरूमा रैथाने बीउ र नश्लको संरक्षणको लागि कार्यक्रमहरू गरिनेछ र उत्पादन भएका रैथाने बीउ र नश्ल उच्च मूल्यमा बजारीकरण गरेर कृषि जैविक विविधता तथा उत्पादनमा सहायता हुनेछ । साथै बीउ बैङ्क स्थापना भई जैविक विविधताको संरक्षण हुनेछ । | | १०००० | सहयोगी निकाय<br>स्थानीय तह<br>प्रदेश सरोकारवालाहरु<br>सचिवालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७.३ | स्थानीय अगुवा किसानहरूको रोस्टर तयार गर्ने । | प्रत्येक वर्ष १००० जना | २०२०-२०२८ | प्रत्येक वर्ष १००० जना अगुवा किसानहरूको रोस्टर तयार गरिनेछ । | | २०० | सचिवालय |
| ७.४ | बाह्य मुलुकबाट फर्केका युवाहरूको सूची तयार गर्ने । | प्रत्येक वर्ष १०० जना | २०२०-२०२८ | प्रत्येक वर्ष वैदेशिक रोजगारीबाट फर्केका १०० जना युवाहरूको सूची तयार गरिनेछ । | | | सरोकारवालाहरु स्थानीय तह प्रदेश सचिवालय |
| ७.५ | बाली वीमामा साना किसानहरूको सहज पहुँच सुनिश्चित तथा वृद्धि गर्ने । | ५०० सहकारी मार्फत | २०२०-२०२८ | वार्षिक रूपमा ५६ वटा सहकारी मार्फत् बाली विमामा साना किसानहरूको सहज पहुँच सुनिश्चित गरिनेछ । यसबाट वार्षिक रूपमा ६०००भन्दा बढी कृषकहरू प्रत्यक्ष लाभान्वित हुनेछन् । | | | |
| ७.६ | स्थानीय नमूना फार्म खेती सम्बन्धी सफलताका कथाहरूको अभिलेखन गरी IYFF को वेबसाइट मार्फत प्रकाशन गर्ने । | प्रत्येक वर्ष कम्तिमा १२ वटा | २०२०-२०२८ | प्रत्येक वर्ष कम्तिमा १२ वटा सफलताका कथा तथा सिकाइहरू वेभसाईट मार्फत प्रकाशन गरिनेछ । | | २०० | सचिवालय |

**अनुसूची २ः**

**पारिवारिक खेती कार्यक्रम प्रदेश सरकार / स्थानीय / संघ संस्थारु**

**त्रैमासिक ...................**

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | उपलब्धि | खर्च बजेट र स्रोत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

क) सिकाइ

ख) चुनौति

ग) चुनौतिको समाधन गर्ने रणनीति


**विभिन्न कार्यक्रमका फोटोहरू :**



पारिवारिक खेती कार्यक्रम अभिमुखीकरण, धादिङ्ग, २०१४



पारिवारिक खेती कार्यक्रम अभिमुखीकरण, लम्जुङ्ग क्याम्पस, २०१४



भर्चुअल प्रादेशिक अभिमुखीकरण




पारिवारिक खेती अभिमुखिकरण ऱ्याली कार्यक्रम, रसुवा, २०१४



पारिवारिक खेती अभिमुखिकरण ऱ्याली कार्यक्रम, धादिङ्ग, २०१४



पारिवारिक खेती सम्बन्धी बैठक, २०२०



पत्रकार सम्मेलन, २०१४




पारिवारिक खेती कार्यक्रम अन्तर्गत नर्सरी निर्माणका लागि नगद वितरण, २०१४




पारिवारमा आधारित खुर्पानी तथा स्याउ प्रशोधन केन्द्र, मुस्ताङ्ग २०१७




नर्सरी तालिम




शहरी क्षेत्रमा गमला खेती/ कौशी खेतीद्वारा पारिवारिक खेतीको प्रवर्द्धन, काभ्रेस्थली, २०२२




पारिवारिक खेती, बज्रवाराही, २०२१



लकडाउनको समयमा बजार व्यबस्थापन, काठमाण्डौं, २०१९



बाँके नेपालगञ्जमा व्यवसायिक योजना निर्माण तालीम, सन् २०१४



युवा कृषक तालीम, मोरङ, लेटाङ, सन् २०१४

## थप जानकारीहरूका लागि सन्दर्भहरू :

https://www.fao.org/family-farming/background/en/

https://www.familyfarmingcampaign.org/en/antecedentes/#1573751058031-8bfc407d-6cfa

https://reliefweb.int/report/world/united-nations-decade-family-farming-2019-2028-global-action-plan

https://www.familyfarmingnepal.net.np/